मधेशदृष्टिमा
विज्ञापनका लागि
सम्पर्क नं.:
9854028218
9802592799
9803474311
9817806395

नजर हमर

राष्ट्रिय दैनिक

मधेशदृष्टि

Madheshdristi National Daily

www.emadheshdristi.com

विदेशी मुद्रासहित भारतीय पक्राउ

भैरहवा।
गौतमबुद्ध अन्तरराष्ट्रिय विमानस्थलबाट काठमाडौँ जान लागेका भारतीय नागरिकका साथबाट सात लाख ९५ हजार रुपयाँ भारतीय रकम बरामद गरिएको छ।
भारतको आन्ध्र प्रदेशस्थित प्रकाशम जिल्लाका ५९ वर्षीय भिमा श्रीनिवास बुद्ध एयरको उडानमार्फत काठमाडौँ प्रस्थान गर्ने क्रममा विमानस्थलको आन्तरिक टर्मिनलमा रहेको हातेसामान जाँच गर्ने एक्सरेबाट परीक्षण गर्दा रकम फेला परेको हो।
प्रहरीका अनुसार श्रीनिवासले साथमा बोकेको खैरो रङको हाते झोलाबाट भारतीय रुपैयाँ ५ सय दरका एक हजार ५ सय ९० थान नोट बरामद भएको हो। बरामद रकमको कुल मूल्य सात लाख ९५ हजार भारतीय रुपैयाँ छ।
रकमसहित श्रीनिवासलाई नियन्त्रणमा लिई आवश्यक अनुसन्धान थालिएको लुम्बिनी प्रदेश प्रहरी कार्यालयका प्रमुख तथा प्रहरी नायब महानिरीक्षक भूपेन्द्रबहादुर खत्रीले जानकारी दिए।
पक्राउ परेका व्यक्ति र नगद थप अनुसन्धानका लागि उनलाई जिल्ला प्रहरी कार्यालय रुपन्देही पठाइएको लुम्बिनी प्रदेश प्रहरी कार्यालयका सूचना अधिकारी तथा प्रहरी वरिष्ठ उपरीक्षक शारदाप्रसाद चौधरीले बताए।

● वर्ष ४ ● अंक २०० ● २०८३ साल जेष्ठ २५ गते सोमबार ● Monday 08, June 2026 ● सूर्योदय: बिहान ०५:१० बजे ● सूर्यास्त: साँझ ०६:५८ बजे ● पृष्ठ ८ ● मूल्य रु. ५/-

मधेशमा रास्वपाका अधिवेशनहरु प्रभावित

विवादले नेतृत्व चयनमा समस्या

हरिशंकर शर्मा
वीरगंज।
मधेशका विभिन्न जिल्लामा राष्ट्रिय स्वतन्त्र पार्टीका अधिवेशनहरु विवादित हुँदा नेतृत्व चयन पेचिलो बनेको छ। अधिवेशन अनिश्चित पनि भएका छन्।
राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) पर्साको प्रथम जिल्ला अधिवेशन आन्तरिक विवादका कारण अन्योलमा परेको छ। मतदाता (जिल्ला प्रतिनिधि) नामावलीलाई लिएर देखिएको विवादले शनिबारदेखि स्थगित निर्वाचन प्रक्रिया आइतबार साँझसम्म पनि सुचारु हुन नसकेको हो। शनिबार होटल गेटवे वीरगंजमा अधिवेशनअन्तर्गत निर्वाचन प्रक्रिया चलिरहेका बेला मतदाता नामावलीको विषयमा दुई पक्षबीच विवाद चर्किएर हातपातको अवस्था सिर्जना भएपछि निर्वाचन समितिले प्रक्रिया आइतबार बिहान ८ बजेसम्मका लागि स्थगित गरेको थियो।
त्यसपछि निर्वाचन समितिका संयोजक डा. नन्दन यादवले अर्को सूचना जारी गर्दै आइतबार अपराह्न ३ बजेदेखि निर्वाचन प्रक्रिया पुनः सञ्चालन गरिने जानकारी दिएका थिए। तर साँझ ५:३० बजेसम्म पनि अधिवेशन तथा निर्वाचन प्रक्रिया सुरु हुन सकेन। अधिवेशनस्थल क्लासिक बैंक्वेटमा कार्यकर्ताहरू नेतृत्वको निर्णयको प्रतीक्षामा बसी रहे। विवाद समाधानका लागि काठमाडौंबाट आएका रास्वपाका संगठन विभाग सचिव शंकर श्रेष्ठको पहलमा होटल भिस्वामा दुवै पक्षका नेताबीच निरन्तर छलफल भएको थियो। पर्सा जिल्ला सभापति तथा पर्सा–१ का सांसद हरि पन्तले पनि सहमति जुटाउने प्रयास जारी रहेको बताएका छन्।
यसैबीच, आइतबार बिहान वीरगंज महानगर सभापति दीपराज श्रेष्ठले महानगर समितिअन्तर्गतका सबै विभाग खारेज गरिएको घोषणा गरेपछि विवाद थप गहिरिएको बताइएको छ। पर्सामा पालिका अधिवेशनदेखि नै देखिएको गुटगत असहमति जिल्ला अधिवेशनको पूर्वसन्ध्यामा थप सतहमा आएको छ।
जिल्लामा एक पक्षको नेतृत्व संस्थापक जिल्ला सभापति तथा सांसद हरि पन्तले गर्दै आएका छन् भने अर्कोतर्फ पर्सा–२ का सांसद सुशील साह कानु, पर्सा–३ का सांसद रमाकान्त चौरसिया र पर्सा–४ का सांसद टेकबहादुर शाक्य एकजुट भएर समानान्तर धार निर्माण गरेका छन्।
पर्सा–२ का सांसद सुशील साह कानुले जिल्ला नेतृत्वमाथि १४ स्थानीय तहमध्ये ८ वटामा अधिवेशन नै सम्पन्न नगराएको आरोप लगाएका छन्। उनले जिल्ला प्रतिनिधि चयन प्रक्रियामा एकपक्षीय निर्णय गरिएको तथा विभिन्न विभाग गठन गरेर थप प्रतिनिधि समावेश गरिएको दाबी गरे। 'यो गुट–उपगुटको मात्र विषय होइन, सही र गलत प्रक्रियाको प्रश्न हो,' उनले भने, 'पार्टी कुनै एक व्यक्तिको होइन। अधिवेशन र निर्वाचन प्रक्रिया पार्टीको विधान, विधि र निर्देशनअनुसार सञ्चालन हुनुपर्छ भन्ने हाम्रो अडान हो।'
पक्ष–विपक्षबीच सहमति नजुटेसम्म जिल्ला अधिवेशन र निर्वाचन प्रक्रिया कहिले सुरु हुने भन्ने अझै स्पष्ट हुन सकेको छैन।

रास्वपा महोत्तरीको अधिवेशन स्थगित

राष्ट्रिय स्वतन्त्र पार्टी महोत्तरीको जिल्ला अधिवेशन आन्तरिक विवादका कारण प्रभावित भएको छ। नेतृत्व चयन तथा संगठन विस्तारसँग सम्बन्धित मतभेद समाधान हुन नसकेपछि अधिवेशनका बाँकी कार्यक्रम अर्को सूचना जारी नभएसम्मका लागि स्थगित गरिएको छ।
जिल्ला अधिवेशन निर्वाचन समितिले जारी गरेको निर्णयअनुसार निर्वाचन प्रक्रियाका क्रममा विभिन्न पक्षबीच उत्पन्न असमझदारी र विवादलाई सहमतिमार्फत टुंग्याउन थप समय आवश्यक देखिएकाले अधिवेशनको कार्यक्रम स्थगित गर्ने निर्णय गरिएको हो।
पार्टीभित्र नगर तथा क्षेत्रीय तहका अधिवेशनदेखि नै प्रतिनिधि चयन, उम्मेदवारी दर्ता र नेतृत्व छनोटका विषयमा विवाद देखिँदै आएको थियो। केही स्थानमा विवाद चर्किँदा कार्यकर्ताबीच झडप र हातपातसमेत भएको थियो। असन्तुष्टिको प्रभाव जिल्ला अधिवेशनसम्म पुगेपछि निर्वाचन प्रक्रिया प्रभावित बनेको हो।
जिल्ला नेतृत्व चयनको विषयमा पनि पार्टीभित्र फरक–फरक धारणा देखिएको छ। एक पक्षले अधिवेशन प्रक्रियामा पारदर्शिता र विधिसम्मत अभ्यासको अभाव रहेको आरोप लगाएको छ भने अर्को पक्षले निर्धारित कार्यतालिकाअनुसार अधिवेशन सम्पन्न हुनुपर्ने अडान राख्दै आएको छ।
निर्वाचन समितिका संयोजक मनिषकुमार साहद्वारा हस्ताक्षरित पत्रमा विवादित पक्षहरूबीच संवाद र छलफललाई प्राथमिकता दिँदै सहमतिको वातावरण निर्माण गर्न आवश्यक समय उपलब्ध गराउन कार्यक्रम स्थगित गरिएको उल्लेख गरिएको छ। समितिले निष्पक्ष, व्यवस्थित र सर्वस्वीकार्य ढंगबाट अधिवेशन सम्पन्न गर्ने वातावरण तयार भएपछि नयाँ कार्यतालिका सार्वजनिक गरिने जनाएको छ।
अधिवेशन स्थगित भएसँगै पार्टीभित्र संगठन विस्तार अभियान प्रभावित हुने चिन्ता व्यक्त गरिएको छ। केही प्रतिनिधिहरूले विवाद लम्बिँदा कार्यकालमा अन्योल र असन्तुष्टि बढ्दै गएको बताएका छन्। पटक–पटक अधिवेशन प्रक्रिया अवरुद्ध हुँदा संगठनात्मक गतिविधिमा समेत असर परेको उनीहरूको भनाइ छ।
महोत्तरीमा विकसित पछिल्लो घटनाक्रमले रास्वपाको जिल्ला संगठनभित्रको एकता, नेतृत्व व्यवस्थापन र संगठनात्मक सुदृढीकरणका चुनौतीहरूलाई सतहमा ल्याएको छ। अब पार्टी नेतृत्वले आन्तरिक मतभेदलाई संवादमार्फत समाधान गर्दै अधिवेशन प्रक्रिया पुनः सुचारु गर्न सक्ने वा नसक्ने विषयलाई कार्यकर्ता तथा राजनीतिक वृत्तले चासोका साथ हेरिरहेका छन्।

काठमाडौँमा कलैयाको प्रदर्शन

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) को केन्द्रीय कार्यालय बनस्थलीमा आइतबार कलैया उपमहानगरपालिकाका कार्यकर्ताले प्रदर्शन गरेका छन्। पार्टीको नगर अधिवेशनको निर्वाचन परिणामलाई लिएर विवाद उत्पन्न भएपछि पारदर्शिताको माग गर्दै कार्यकर्ताहरूले आइतबार केन्द्रीय कार्यालयमा धर्ना दिएका हुन्। आन्दोलनरत कार्यकर्ताका अनुसार कलैया उपमहानगरपालिकाको नगर अधिवेशनमा उमाशंकर रौनियार १ सय २४ मत प्राप्त गरी सभापतिमा निर्वाचित भएका थिए।
निर्वाचित पदाधिकारीको शपथ ग्रहणसमेत सम्पन्न भइसकेपछि मधेश प्रदेश समितिले पुनः निर्वाचन गराउने सूचना जारी गरेपछि विवाद सुरु भएको हो। मधेश प्रदेश समितिले ५० प्लस १ बहुमत नपुगेको भन्दै पुनः निर्वाचनको सूचना जारी गरेको प्रदर्शनका पक्षधरहरूका भनाइ छ।

जफत गरिएका मोबाइल नष्ट गरिएपछि सिरहामा विद्यार्थी आन्दोलित

मधेशदृष्टि
जनकपुरधाम।
जिल्ला प्रशासन कार्यालय सिरहाले माध्यमिक शिक्षा परीक्षा (एसईई) र कक्षा १२ को परीक्षाका क्रममा जफत गरिएका करिब ५०० थान मोबाइल फोन तथा स्मार्ट घडी नष्ट गरेपछि विद्यार्थीहरू आन्दोलित भएका छन्। प्रशासनको कदमविरुद्ध संयुक्त विद्यार्थी संगठनले क्षतिपूर्तिको माग गर्दै आन्दोलनको घोषणा गरेको छ।
गत चैतमा सम्पन्न एसईई र वैशाखमा सम्पन्न कक्षा १२ को परीक्षाका क्रममा विभिन्न परीक्षा केन्द्रबाट बरामद गरिएका ४९६ थान मोबाइल फोन र ५ थान स्मार्ट घडी हालै नष्ट गरिएको थियो। जफत गरिएका सामग्रीमध्ये ७ थान आईफोन र ४८९ थान विभिन्न कम्पनीका एन्ड्रोइड मोबाइल रहेको बताइएको छ। ती उपकरणहरूको अनुमानित बजार मूल्य एक करोड रुपैयाँभन्दा बढी रहेको जनाइएको छ।
प्रशासनले जफत गरिएका सामग्रीलाई २४ घण्टासम्म पानीमा डुबाएर तथा फुटाएर प्रयोग गर्न नमिल्ने अवस्थामा पु¥याएको थियो। यस घटनापछि विद्यार्थी संगठनहरूले प्रशासनमाथि विद्यार्थीको निजी सम्पत्तिमाथि अनुचित हस्तक्षेप गरेको आरोप लगाएका छन्।
संयुक्त विद्यार्थी संगठनले 'विद्यार्थीलाई क्षतिपूर्ति दे सरकार' भन्ने नारासहित जेठ २५ गते जिल्ला प्रशासन कार्यालय सिराहामा विरोध प्रदर्शन गर्ने कार्यक्रम सार्वजनिक गरेको छ। संगठनले कानुनी प्रक्रिया अवलम्बन नगरी करोडौँ रुपैयाँ बराबरको सम्पत्ति नष्ट गरिएको दाबी गर्दै उचित क्षतिपूर्ति र जवाफदेहिताको माग गरेको छ। माग सम्बोधन नभएसम्म आन्दोलनलाई थप सशक्त बनाइने चेतावनी पनि संगठनले दिएको छ।
यता जिल्ला प्रशासन कार्यालयले भने परीक्षाको मर्यादा कायम राख्न तथा जफत गरिएका उपकरण पुनः दुरुपयोग हुन सक्ने सम्भावनालाई ध्यानमा राखेर नष्ट गरिएको जनाएको छ। प्रमुख जिल्ला अधिकारी सुरेन्द्र पौडेलका अनुसार शिक्षा विकास तथा समन्वय इकाईका परीक्षा शाखा अधिकृत राजदेव यादवको नेतृत्वमा गठित पाँच सदस्यीय उपसमितिको निर्णयका आधारमा उक्त प्रक्रिया अघि बढाइएको हो।
प्रशासनले कानुनी रूपमा लिलामीको विकल्प उपलब्ध भए पनि सुरक्षा र गोपनीयताको दृष्टिले उपकरण नष्ट गर्ने निर्णय गरिएको जनाएको छ। तर यही निर्णयलाई लिएर विभिन्न क्षेत्रबाट आलोचना भइरहेको छ। अभिभावक, कानुन व्यवसायी तथा नागरिक समाजका प्रतिनिधिहरूले प्रशासनको कदमलाई कानुनी प्रक्रिया र सम्पत्ति अधिकारविपरीत भएको टिप्पणी गरेका छन्। उनीहरूले जफत गरिएका सामग्री नष्ट गर्नुअघि कानुनी आधार, अधिकार क्षेत्र र वैकल्पिक व्यवस्थाबारे स्पष्टता आवश्यक रहेको बताएका छन्।
मोबाइल नष्ट गर्ने प्रशासनिक निर्णय र त्यसको वैधानिकतामाथि प्रश्न उठिरहेका बेला यो विषय अहिले सिराहामा सार्वजनिक बहसको केन्द्र बनेको छ।

झुण्डिएको अवस्थामा भेटिएका युवकको हत्या गरिएको आरोप

मधेशदृष्टि
महोत्तरी।
महोत्तरीको पिपरा गाउँपालिकामा एक युवक झुण्डिएको अवस्थामा मृत फेला परेपछि उनका बुवाले मृत्यु शंकास्पद रहेको भन्दै प्रहरीमा जाहेरी दिएका छन्।
पिपरा गाउँपालिका–५ निवासी २८ वर्षीय कपिल दास गत वैशाख ९ गते साँझ गाउँ नजिकैको आँप बगैंचामा झुण्डिएको अवस्थामा मृत फेला परेका थिए। घटनापछि उनका बुवा कुलदिप दास तत्माले जिल्ला प्रहरी कार्यालय महोत्तरीमा जाहेरी दर्ता गराउँदै घटनाको निष्पक्ष अनुसन्धानको माग गरेका छन्।
जाहेरीअनुसार कपिल दास वैशाख ९ गते बिहान करिब ११ बजे फोन आएपछि 'लक्ष्मी चोकतर्फ जाँदैछु' भन्दै घरबाट निस्किएका थिए। साँझ करिब ५:३० बजे पिपरा–५ स्थित चन्देश्वर यादवको आँप बगैंचामा कपडाको डोरीको पासो लगाई झुण्डिएको अवस्थामा उनको शव फेला परेको थियो।स्थानीय पृचु यादवले खेततर्फ जाने क्रममा शव देखेपछि गाउँमा खबर गरेका थिए। त्यसपछि परिवारका सदस्य तथा स्थानीयवासी घटनास्थल पुगेका थिए। सूचना पाएपछि अस्थायी प्रहरी चौकी पिपराबाट जानकारी प्राप्त गरी जिल्ला प्रहरी कार्यालय महोत्तरीको टोली घटनास्थल पुगेको थियो। मृतकका बुवा कुलदिप दासले छोराको मृत्युबारे शंका व्यक्त गर्दै आवश्यक अनुसन्धान गर्न माग गरेका छन्।
प्रहरीले भने घटनाबारे अनुसन्धान जारी रहेको जनाएको छ। पोस्टमार्टम रिपोर्ट र अन्य प्रमाणका आधारमा मृत्युको वास्तविक कारण खुल्ने प्रहरीको भनाइ छ।

रास्वपा सर्लाही जिल्ला अधिवेशन स्थगित

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) सर्लाहीको जिल्ला अधिवेशन प्रक्रियागत काम पूरा नभएको भन्दै अनिश्चितकालका लागि स्थगित गरिएको छ।
निर्वाचन समितिले आवश्यक तयारी तथा अभिलेख व्यवस्थापन अपूर्ण रहेको जनाउँदै अर्को सूचना जारी नभएसम्म अधिवेशनका सम्पूर्ण कार्यक्रम स्थगित गरेको हो।
हरिवनस्थित सरस्वती पार्टी प्यालेसमा आइतबार आयोजित अधिवेशनमा जिल्लाभरबाट प्रतिनिधि तथा कार्यकर्ताहरूको उल्लेख्य सहभागिता रहेको थियो। तर निर्वाचन प्रक्रिया सुरु हुनुअघि नै अपराह्न करिब पौने ४ बजे निर्वाचन समितिले सूचना जारी गर्दै अधिवेशन स्थगनको घोषणा गरेको थियो। जिल्ला निर्वाचन संयोजक डा. जयप्रकाश महतोका अनुसार मतदाता नामावली, पालिका अधिवेशनसँग सम्बन्धित कागजात तथा निर्वाचित प्रतिनिधिहरूको विवरण अद्यावधिक गर्ने काम पूरा नभएकाले निर्वाचन प्रक्रिया अघि बढाउन नसकिएको हो।
उनले पालिका अधिवेशनबाट आएका केही आवश्यक कागजात अपूर्ण रहेको, निर्वाचित प्रतिनिधिहरूको विवरण पार्टीको केन्द्रीय डिजिटल पोर्टलमा प्रविष्ट गर्न बाँकी रहेको तथा स्वीकृत कार्यविधिअनुसार केही प्रक्रियामा प्राविधिक त्रुटि देखिएको जानकारी दिए। ती विषय समाधान नगरी निर्वाचन सञ्चालन गर्दा विवाद सिर्जना हुन सक्ने भएकाले अधिवेशन स्थगित गरिएको उनको भनाइ छ।
निर्वाचन समितिका अनुसार आगामी जेठ २८ गते प्रदेश अधिवेशन तय भएकाले त्यसअघि नै जिल्ला अधिवेशन सम्पन्न गर्ने गरी तयारी अघि बढाइनेछ।
यता वर्तमान जिल्ला सभापति तथा सभापति पदका उम्मेदवार सरोज बानियाँले पार्टीको आधिकारिक डिजिटल प्रणालीमा विवरण अद्यावधिक गर्ने क्रममा प्रक्रियागत कमजोरी भएको दाबी गरेका छन्। उनले घटनाको छानबिन गरी जिम्मेवार व्यक्तिमाथि कारबाही गर्न तथा विधि, विधान र कार्यविधिअनुसार आवश्यक विवरण अद्यावधिक गरेर अधिवेशन प्रक्रिया पुनः सुरु गर्नुपर्ने बताए।
जिल्ला सभापति पदका लागि वर्तमान सभापति सरोज बानियाँ, कृष्णनन्दन यादवलगायतले उम्मेदवारी घोषणा गरिसकेका छन्। नेतृत्व चयनको प्रतिस्पर्धा तीव्र भइरहेका बेला अधिवेशन स्थगित भएपछि कार्यकर्ता तथा प्रतिनिधिहरूमा अन्योलता बढेको छ।
पार्टीभित्र प्रक्रियागत विवाद समाधान गरी अधिवेशनलाई निष्पक्ष र व्यवस्थित ढंगबाट सम्पन्न गर्ने चुनौती अहिले नेतृत्व र निर्वाचन समितिसामु देखिएको छ।

प्रतिनिधिसभा सदस्य निर्वाचनमा प्रति मतदाता खर्च घट्दो

–प्रकाश सिलवाल\रासस
काठमाडौँ।
राजनीतिक दल र उम्मेदवारका लागि पछिल्ला चुनाव खर्चिलो हुँदै गएकाबेला निर्वाचन व्यवस्थापनमा सरकारी कोषबाट प्रति मतदाता खर्च भने घट्दो देखिएको छ।
निर्वाचन आयोग, नेपालले तुलनात्मक रूपमा कम खर्चमा गत फागुन २१ गतेको प्रतिनिधिसभा सदस्य निर्वाचनमा सम्पन्न गराएको समीक्षा प्रतिवेदनबाट देखिएको छ। प्रति मतदाता कति खर्च तुलनात्मक रूपमा कम देखिएकाले निर्वाचन व्यवस्थापनको खर्च मितव्यी देखिएको हो।
स्वच्छ, स्वतन्त्र, निष्पक्ष, समावेशी, विश्वसनीय मितव्यी र पारदर्शी निर्वाचन गराउने नेपाल सरकार र निर्वाचन आयोगको लक्ष्यअनुसार पछिल्लो निर्वाचनमा प्रति मतदाता खर्च २ सय ६४ रुपैयाँ मात्रै भएको निर्वाचन समीक्षाबाट देखिएको छ।
आयोगका प्रवक्ता नारायणप्रसाद भट्टराईका अनुसार निर्वाचनका लागि कुल चार अर्ब ९६ करोड ७८ लाख ३९ हजार ४५ रुपैयाँ खर्च भएका कुल खर्चलाई कूल मतदाताले भाग गर्दा प्रति मतदाताको लागत विगतको तुलनामा कम निस्किएको हो। विसं २०७९ मा एकै साथ प्रतिनिधिसभा सदस्य र प्रदेशसभा सदस्यको निर्वाचन हुँदा प्रति मतदाता करिब ४ सय ५० रुपैयाँ खर्च भएको थियो। निर्वाचनमा विभिन्न जिल्ला र स्थलमा मतदान स्थगन भई पुनःमतदानसमेत गर्नुपरेको थियो।
पछिल्लो प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि आयोगबाट सात अर्ब ८१ करोड पाँच लाख ७६ हजार रुपैयाँ माग भएकामा अर्थ मन्त्रालयबाट छ अर्ब ७१ करोड ९२ लाख ८७ हजार २ सय रुपैयाँ स्रोत सुनिश्चितता भएको थियो। निर्वाचनमा पुरूष, महिला, अन्य र अस्थायी मतदता गरी कुल मतदाता एक करोड ८९ लाख तीन हजार ६ सय ८९ मतदाता थिए।
निर्वाचनका लागि पहिलो हुने निर्वाचित हुने निर्वाचनका एक करोड ११ लाख ६८ हजार ३२ ले मतदान गरेकामा एक करोड पाँच लाख ५९ हजार १७ (९४ दशमलव ५५ प्रतिशत मत सदर भएको थियो। समानुपातिकतर्फ एक करोड १२ लाख ८० हजार ८१७ ले मतदान गरेकामा एक करोड आठ लाख ३५ हजार २५ (९६ दशमलव ०५ प्रतिशत) मत सदर भएको थियो। दुवै प्रणालीको निर्वाचनतर्फ औसत चार दशमलव सात प्रतिशत मत बदर भएको थियो। अघिल्लो निर्वाचनका तुलनामा यो घट्दो संख्या हो।
आयोगले सो निर्वाचनबारे काठमाडौँ उपत्यका बाहिरका छ प्रदेशस्तर र काठमाडौँमा केन्द्रीयस्तरको समीक्षा कार्यशाला गरेर सरोकार भएका पक्षसमक्ष निर्वाचनमा ५० सामग्री प्रयोग भएकामा ३७ सामग्री प्रदेश तथा जिल्लास्तरबाट खरिद गरिएका थिए भने १३ सामग्री आयोगबाट खरिद तथा छपाइ गरी गरिएको जानकारी दिएको छ।
आयोगमा मौज्दात रहेका मतपेटिका, मतपत्र छपाइमा प्रयोग भएको कागजलगायत सामग्रीबाट प्रयोग गरिएको र आयोगले खरिद गर्ने सामग्री सरकारी निकायसँग 'जिटुजी' प्रक्रियाबाट मोलमोलाई गरेर खरिद गरिएकाले निर्वाचन मितव्यी भएको प्रवक्ता भट्टराईले बताए। आयोगले मतपत्र छपाइको कार्य जनकशिक्षा सामग्री केन्द्र लिमिटेडबाट, अन्य सामग्री छपाइ साझा प्रकाशन र निर्वाचन सामग्रीको खरिद खाद्यसुरक्षा तथा व्यापार लिमिटेडबाट गरेको थियो।

निर्वाचन समीक्षाबाट आएका सुझाव

आयोगले गरेको निर्वाचन समीक्षा कार्यशालामा सरोकार भएका पक्षले विदेशमा रहेका मतदाता रहेका नागरिको मताधिकार, अन्तरजिल्ला मतदान, निर्वाचनको आवधि कार्यतालिका किटान, 'नो भोट', 'राइट टु रिजेक्ट' र 'राइट टु रिकल' विद्युतीय मतदातालगायत विषयमा एकीकृत कानुनको तर्जुमा गर्नुपर्ने सुझाव दिइएको छ। मतदाता शिक्षा प्रभावकारी बनाई बदर मत अझ घाउनुपर्ने, निर्वाचन कानून तथा आचारसंहिता परिपालनासम्बन्धी कानुनका सम्बन्धमा निर्वाचनमा खटिने कर्मचारी, राजनीतिक दललगायत सरोकारवाला निकायलाई पर्याप्त अभिमुखीकरण गरिनुपर्नेलगायत सुझाव आएका छन्।
निर्वाचनसम्बन्धी विषयमा सामाजिक सञ्जालको नियमन प्रभावकारी रूपमा हुनुपर्ने, उम्मेदवारको मनोनयन दर्तामा धरौटी जम्मा नगदमा नभई डिजिटल माध्यमबाट गर्नुपर्ने र निर्वाचन खर्च अनुगमनलाई बैंकिङ प्रणालीबाट भएनभएको अनुगमन गरिनुपर्ने सुझाव आएको आयोगले जनाएको छ।
'मतदाता नामावलीमा नाम दर्ता र अद्यावधिक प्रक्रियालाई नागरिकमैत्री शुद्ध, समावेशी र सुरक्षित बनाउन आयोगले प्रयासरत छ। मतदानस्थल पुनरावलोकन गरी पहुँचयोग्य बनाउने कार्यमा जोड दिइएको छ,' आयोगको समीक्षा प्रतिवेदनमा भनिएको छ, 'आधुनिक र प्रभावकारी निर्वाचन शिक्षा र सूचना प्रणाली तथा प्राविधिक र कानुनी सुधारका माध्यमबाट निर्वाचन व्यवस्थापन प्रभावकारी बनाउन आयोग निरन्तर क्रियाशील रहेको छ।' यसैगरी, आचारसंहिता उल्लङ्घनकर्ताको अभिलेख राखिनुपर्ने, आचारसंहिता निर्धारण गर्दा लचकता अपनाउने तर पालनामा कडाइ गर्ने र निर्वाचन आचारसंहिता पूर्ण पालनामा गराउनुपर्ने सुझाव पनि आयोगलाई प्राप्त भएको प्रवक्ता भट्टराईले जानकारी दिए।

पहिलो चरणअन्तर्गत बागमती र कोशी प्रदेशका १८ जिल्लाहरूमा रास्वपाको अधिवेशन सम्पन्न



काठमाडौँ।
राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) ले आफ्नो सांगठनिक संरचनालाई देशव्यापी रूपमा बलियो बनाउने अभियानअन्तर्गत पहिलो जिल्ला अधिवेशन सुरु गरेको छ। पहिलो चरणअन्तर्गत बागमती र कोशी प्रदेशका १८ जिल्लाहरूमा अधिवेशन सफलतापूर्वक सम्पन्न भई नयाँ कार्यसमिति चयन भएका छन्। केन्द्रीय निर्वाचन आयोगकाअनुसार बागमती प्रदेशका ९ र कोशी प्रदेशका ९ जिल्लाले नयाँ नेतृत्व पाएका हुन्।
अधिवेशन परिणामअनुसार बागमती प्रदेशका मुख्य जिल्लाहरूमा नेतृत्व बाँडफाँड भएको छ। जसमा काठमाडौँको जिल्ला सभापतिमा राजा शाक्य, भक्तपुरमा रामेश्वर बस्नेत र काभ्रेपलाञ्चोकमा प्रविन ढकाल निर्वाचित भएका छन्। त्यस्तै, सिन्धुलीमा अविनाश बस्नेत, रामेछापमा रमेश रायमाझी, दोलखामा दिनेश बस्नेत, नुवाकोटमा रामेश्वर गजुरेल, धादिङमा राजन अर्याल र मकवानपुरमा सञ्जिव पाठकले नेतृत्वको जिम्मेवारी पाएका छन्।
बागमतीकै चितवन, रसुवा र ललितपुरमा अधिवेशनको प्रक्रिया अघि बढेको छ भने सिन्धुपाल्चोकको अधिवेशन हाललाई स्थगित गरिएको छ।
यता कोशी प्रदेशतर्फ पनि ९ जिल्लाको नेतृत्व टुङ्गिएको छ। सुनसरीको सभापतिमा सागर दाहाल, झापामा ओम भण्डारी, ताप्लेजुङमा राजनकुमार गुरुङ, मोरङमा भरत कँडेल, तेह्रथुममा सुमन खत्री, भोजपुरमा ख्यामबहादुर भुजेल, संखुवासभामा भक्तनारायण श्रेष्ठ र ओखलढुंगामा कृष्णबहादुर थापा सभापति निर्वाचित भएका छन्। कोशीका बाँकी जिल्लाहरू धनकुटा, उदयपुर, सोलुखुम्बु, खोटाङ र इलाममा अधिवेशनको प्रक्रिया जारी रहेको निर्वाचन आयोगले जनाएको छ।
जिल्ला अधिवेशनहरूलाई व्यवस्थित र विवादरहित बनाउन रास्वपाको केन्द्रीय निर्वाचन आयोगले प्रतिनिधि छनोटमा कडा मापदण्ड लागू गरेको छ। रास्वपाका अनुसार अधिवेशन सम्पन्न हुन बाँकी रहेका पालिकाका कुनै पनि विभागबाट जिल्ला अधिवेशनमा प्रतिनिधित्व गराइने छैन।
त्यस्तै, अधिवेशन सम्पन्न भइसकेका पालिकाको हकमा भने गत वैशाख १५ गतेभन्दा अगाडि नै नियुक्त भइसकेका विभागीय सदस्यहरूले मात्र जिल्ला अधिवेशन प्रतिनिधि हुन पाउने वैधानिक व्यवस्था गरिएको छ। पार्टीले आज देशभरका कुल २८ जिल्लामा अधिवेशनको तालिका तय गरी सांगठनिक कार्यलाई तीव्रता दिएको छ। रासस

निजामती कर्मचारी अस्पतालको सेवा चितवन र पर्सामा विस्तार

काठमाडौँ।
सोमबारदेखि निजामती कर्मचारीले पाउने स्वास्थ्यसम्बन्धी सेवासुविधा चितवनको भरतपुर अस्पताल र पर्साको नारायणी अस्पताल, वीरगञ्जबाट पनि उपलब्ध हुने भएको छ।
भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले आइतबार सूचना जारी गरी निजामती कर्मचारी अस्पताल काठमाडौँले उपलब्ध गराउने छुट तथा सहुलियतसहितको स्वास्थ्य उपचार सेवा प्रारम्भिक चरणमा भरतपुर अस्पताल र नारायणी अस्पतालमा पनि उपलब्ध हुने जानकारी दिएको हो।
छुट तथा सहुलियतसहितको स्वास्थ्य उपचार सेवा निजामती कर्मचारी अस्पतालबाट परिचयपत्र प्राप्त गरेका निजामती कर्मचारी, अवकाश प्राप्त निजामती कर्मचारी तथा निजहरूको आश्रित परिवारलाई तोकिएबमोजिम उपलब्ध हुनेछ।
सेवा प्राप्त गर्न निजामती कर्मचारी वा अवकाश प्राप्त निजामती कर्मचारीले निजामती कर्मचारी अस्पतालबाट जारी भएको आधिकारिक परिचयपत्र साथमा लिई जानुपर्ने सूचनामा उल्लेख गरिएको हो।
निजामती कर्मचारी, अवकाश प्राप्त निजामती कर्मचारी तथा निजहरूको आश्रित परिवारलाई गुणस्तरीय स्वास्थ्य सेवा सहज, सुलभ र पहुँचयोग्य रूपमा उपलब्ध गराउने उद्देश्यले निजामती कर्मचारी अस्पतालबाट प्रदान हुँदै आएको स्वास्थ्य सेवालाई प्रदेशस्तरमा समेत विस्तार गर्ने सरकारको नीतिअनुसार सो सेवा सुरु गरिएको मन्त्रालयले जनाएको छ।
सूचनामा भनिएको छ, 'त्यसका अतिरिक्त बाँकी प्रदेशबाट समेत सेवा विस्तार गर्न स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालयसँग समन्वय भई सेवा प्रदायक अस्पतालहरूको सूचीकरण भएको हुँदा आवश्यक तयारी पूरा गरी निजामती कर्मचारी अस्पतालले निजामती कर्मचारीलाई उपलब्ध गराउँदै आएको छुट, सहुलियतसहितको स्वास्थ्य उपचार सेवा सबै प्रदेशबाट उपलब्ध गराइनेछ।' यस व्यवस्थाबाट काठमाडौँ उपत्यकाबाहिर कार्यरत तथा बसोबास गर्ने निजामती कर्मचारी, अवकाश प्राप्त कर्मचारी र आश्रित परिवारले आफ्नै प्रदेशमा स्वास्थ्य सेवा प्राप्त गर्न सहजता हुने मन्त्रालयको अपेक्षा छ।

कर्पोरेट डेभलपमेन्ट बैंक लि.,प्रमुख कार्यलय, वीरगंजको धितोमा रहेको सम्पत्ति लिलाम बिक्रिको १५ दिने सुचना

यस कर्पोरेट डेभलपमेण्ट बैंक लिमिटेडका तपसिलमा उल्लेखित ऋणीले प्राप्त गरेको ऋण कर्जाको बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने सांवा, ब्याज, हर्जाना ब्याज आदि चुक्ता भुक्तान गर्न पटक पटक लिखित एवं मौखिक रुपमा सुचना गरी तरतागेता गर्दा समेत नतिरी नबुझाई बैंकसंग भएको ऋणकर्जा सम्बन्धी शर्त, बन्देजहरु उल्लंघन गरेको हुनाले निज ऋणीलाई सम्पुर्ण कर्जा, सो कर्जाको ब्याज, हर्जाना ब्याज तथा अन्य दैदस्तुरहरु तिर्न बुझाउनका लागि यस अघि मधेशदृष्टि राष्ट्रिय स्तरको पत्रिकामा मिति २०८३/०१/०८ गतेमा ३५ दिने सार्वजनिक सुचना प्रकाशित गर्दा समेत बैंकलाई तिर्नु बुझाउनु पर्ने कर्जा चुक्ता भुक्तान नगरेको हुँदा निज ऋणीले प्राप्त गरेको ऋण कर्जाको सुरक्षण वापत बैंकलाई धितो बन्धक लेखिदिएको तपसिल बमोजिमको चल/अचल सम्पति तथा सो को लिग लगापात समेत जहां जे जस्तो अवस्थामा छ सोही अवस्थामा यो सुचना प्रकाशित भएको **मितिले १६ औं दिन (१६ औं दिन बिदा परेकोमा लगतै कार्यलय खुलेको दिन) अर्थात मिती २०८३/०३/०९ गते मंगलबारका दिन दिउँसो ४:०० बजे देखि बैंकको मुख्य कार्यालय वीरगंज, कर्जा विभागमा** गोप्य शिलबन्दी बोलपत्रद्धारा लिलाम बिक्री गरिने हुंदा उक्त अचल सम्पत्ति लिलाम सकार गरी लिन चाहनुहुने व्यक्ति, कम्पनी ,फर्म, संघ संस्थाहरु समेतको जानकारीको लागि यो सूचना प्रकाशित गरीएको छ। तसर्थ निम्न लिखत शर्तहरुको अधिनमा रही यो सूचना प्रकाशित भएको मितिले उक्त १५ (पन्ध्र) दिन भित्र कार्यालय समयमा यस विकास बैंकको केन्द्रिय कार्यालय विरगन्ज म.न.पा वडा नं ०६ गिता मन्दिर रोड, पर्सामा शिलबन्दी बोलपत्र पेश गर्नुहुन यसै सूचनाद्धारा ईच्छुक महानुभावहरु तथा संघसंस्थाहरुलाई आव्हान गरि लिलाम बिक्रि गर्ने भएको हुंदा सर्वसाधारणको जानकारीको लागि यो सुचना प्रकाशित गरीएको छ।

तपसिल

१)ऋणीको नाम, ठेगाना

१) औषधी ऐन, २०३५ र औषधी दर्ता नियमावली २०३८ बमोजिम मिती २०७४ साल फाल्गुन महिना २८ गते रोज २ मा नेपाल सरकार, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, औषधि व्यवस्था विभाग कार्यलयबाट दर्ता भै नं. प्रा.फ.र.द.नं. ३७४११२१०५५१४४, अन्तर्गत दर्ता कायम भएको तथा वीरगंज वडा नं १२, पर्सा मा कार्यालय रहेको **श्री अर्मत्यसेन फर्मास्यूटिकल्स।**

कर्जाको प्रकार:- अल्पकालिन कर्जा, अधिविकर्ष कर्जा

कर्जाको सुरक्षण विवरण:

भिखारी प्रसाद कलवारको बुहारी, श्री अनिल कुमार साहको पत्नी स्थायी ठेगाना जिल्ला बारा, प्रसौनी गा.वि.स वडा नं.४ मा घर भई हाल जिल्ला पर्सा, वीरगंज, म.न.पा, वडा नं १२, मुर्लीमा बस्ने(ना.प्र.न. ३२७६/२३५८ मिति २०६०/१२/२७ जि.प्र.का. बारा) **बर्ष ४६ की श्रीमती संगिता देवी कलवार**(को नाममा दर्ता कायम रहेको जिल्ला पर्सा वीरगंज , मुर्ली वार्ड नं १५ स्थित किता नं. **६४** को जम्मा क्षेत्रफल ०००१७६ व.मि.को घरजग्गा र जिल्ला पर्सा रामगढवा वार्ड नं ०९ स्थित किता नं. **६५९ ,६६३ र ६६१** को जम्मा क्षेत्रफल क्रमश १००.७५ ,८.०० , १०.०० व.मि. को घरजग्गा।

प्रोप्राइटर तथा व्यक्तिगत जमानीकर्ता :

१) प्रोप्राईटर भिखारी प्रसाद कलवारको बुहारी, श्री अनिल कुमार साहको पत्नी स्थायी ठेगाना जिल्ला बारा, प्रसौनी गा.वि.स वडा नं.४ मा घर भई हाल जिल्ला पर्सा, वीरगंज, म.न.पा, वडा नं १२, मुर्लीमा बस्ने(ना.प्र.न. ३२७६२३५८ मिति २०६०/१२/२७ जि.प्र.का. बारा) **बर्ष ४६ की श्रीमती संगिता देवी कलवार (प्रोप्राइटर)।**

२) स्व. महेश प्रसाद कलवारको नाती श्री भिखारी प्रसाद कलवारको छोरा जिल्ला बारा, प्रसौनी वडा नं.४ मा घर भई हाल जिल्ला पर्सा, वीरगंज, म.न.पा, वडा नं १२, मुर्लीमा बस्ने(ना.प्र.न. १३२२५२९ मिति २०५१/११/३० जि.प्र.का. बारा) **बर्ष ४९ को अनिल कुमार साह।**

३) श्री भिखारी प्रसाद कलवारको नातीनी श्री अनिल कुमार साहको छोरी जिल्ला बारा, प्रसौनी गा. पा वडा नं.२ मा घर भई हाल जिल्ला पर्सा, वीरगंज, म.न.पा, वडा नं १२, मुर्लीमा बस्ने(ना.प्र.न. ३३-०१-७६-०३१०२ मिति २०७६/०३/०३ जि.प्र.का. बारा) **बर्ष २३ को जया कुमारी कलवार।**

४) स्व. महेश प्रसाद कलवारको बुहारी श्री भिखारी प्रसाद कलवारको पत्नी जिल्ला बारा, प्रसौनी गा.वि.स वडा नं.४ मा घर भई हाल जिल्ला पर्सा, वीरगंज, म.न.पा, वडा नं १२, मुर्लीमा बस्ने(ना.प्र.नं. ७४६७१३८७/८३४ र जारी मिति २०३६/०४/२८, जि.प्र.का बारा) **बर्ष ७२ की श्रीमती सावित्री देवी कलवारीन।**

५) भिखारी प्रसाद कलवारको नातीनी श्री अनिल कुमार साहको छोरी स्थायी ठेगाना जिल्ला बारा, प्रसौनी गा. पा वडा नं.२ मा घर भई हाल जिल्ला पर्सा, वीरगंज, म.न.पा, वडा नं १२, मुर्लीमा बस्ने(ना.प्र.न. ३३-०१-७९-१२१२८ मिति २०७९/१०/२९ जि.प्र.का. बारा) **बर्ष २० को सानिया साह।**

६) स्व. गणेश प्रसाद कलवारको नाती, स्व. महेश प्रसाद कलवारको छोरा स्थायी ठेगाना जिल्ला बारा, प्रसौनी गा.वि.स वडा नं.४ मा घर भई हाल जिल्ला पर्सा, वीरगंज, म.न.पा, वडा नं १२, मुर्लीमा बस्ने(ना.प्र.न. ७४६७१३८९/८३३ मिति २०३६/०३/०५ जि.प्र.का. बारा) **बर्ष ७३ को भिखारी प्रसाद कलवार।**

नोट : ऋणी तथा जमानतकर्ता बाहेकका सूचनामा उल्लेखित अन्य व्यक्तिहरुको नाम ऋणी तथा जमानतकर्ताको परिचय खुलाउने प्रयोजनका लागि मात्र प्रयोग गरिएको।

पुनश्च : धितो लेखिदिने तथा व्यक्तिगत जमानी दिनेहरुलाई सूचना :

उपरोक्त व्यहोरा अवगतार्थ अनुरोध गर्दै म्याद भित्र शिघ्र कर्जा भुक्तानी गराई आफ्नो सम्पत्तिको उचित संरक्षण गर्नु हुन पुन :अनुरोध गरिएको छ। अन्यथा तोकिएको दिन धितो लिलाम बढाबढ भई बिक्रीको कार्य हुने भएकोले उक्त दिन स्वयम उपस्थित भई लिलाम बाट कायम हुने धितो सम्पत्तिको मुल्य घटि वा बढि हुने प्रकृयामा समेत प्रत्यक्ष अवलोकनको लागि सुचित गरिन्छ। उल्लिखित धितो सम्पत्ति लिलाम बिक्री गरि वा बैंक आफैले सकार गर्दा समेत साविकमा बैंकबाट भएको कम मूल्यांकन भन्दा कम मूल्यमा लिलाम बिक्री भएमा वा बैंक आफैले सकार गरि लिएमा पछि हाम्रो सम्पत्तिको उचित मूल्य प्राप्त नभई कम मूल्यमा बिक्री भयो वा बैंक आफैले बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ को दफा ५७(६) अनुसार सकार गरि लियो भनी कहि कतै उजुर वाजुर गर्न पाउनुहुने छैन। उक्त सम्पत्ति लिलाम बिक्री गर्दा वा पुनर्मुल्याकन गरी बैंक आफैले सकार गर्दा समेत बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभई बाकी रहेमा ऋणी लगायत व्यक्तिगत जमानी दिनेहरुको अन्य श्रीसम्पतिहरुबाट असुल उपर गरिने व्यहोरा समेत यसै सूचना मार्फत जानकारी गराईएको छ।

शिलबन्दी लिलाम बिक्री सम्बन्धी अन्य शर्त वन्देजहरु :

१) शिलबन्दी बोलपत्र आवेदन फारम यस विकास बैंकको केन्द्रीय कार्यालय, वि.म.न.पा वडा नं ०६ गितामन्दिर रोड, पर्साबाट प्राप्त गर्न सकिनेछ।

२) शिलवन्दी बोलपत्र यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्रौ) दिनको दिउंसो ४:०० बजे भित्र केन्द्रिय कार्यालय विरगन्ज म.न.पा.०६ गितामन्दिर रोड पर्सामा कार्यालय समय भित्र प्राप्त भई सक्नुपर्नेछ।

३) बोलपत्र फारममा आफूले कवोल गरेको रकम अंक र अक्षरमा स्पष्ट उल्लेख गरी कवोल गरेको अंकको कम्तीमा १० प्रतिशत रकम यस बिकास बैंकको सण्ड्रि क्रेडिटर्स खातामा जम्मा गरेको भौचरको सक्कल प्रति साथ पेश गर्नुपर्नेछ। बोलपत्र स्वीकृत भएको सूचना पाएको मितिले ७ (सात) दिन भित्र बाँकी ९० (नब्बे) प्रतिशत रकम बुझाई लिलाम सकार गरेको सम्पत्ति आफनो नामसारी गरीलिने र नामसारी गर्दा लाग्ने राजश्व लगायतका अन्य सम्पूर्ण खर्च समेत भुक्तान गर्नेगरी गरी लिनुपर्नेछ। सो म्याद भित्र रकम जम्मा नभएमा बोलपत्र रद्द भई धरौटी रकम स्वत: जफत गर्ने अधिकार बैंकमा रहनेछ।

४) कुनै शर्त राखी पेश गरेको वा रित नपुगी वा म्याद नाघि पेश हुन आएको बोत्रपत्र स्वत: रद्द हुनेछ।

५) लिलाम बिक्री हुने सम्पत्तीको जे जस्तो अवस्थामा छ सोही अवस्थामा एक मुष्ठ तथा छुट्टा छुट्टै कित्ता नम्बर अनुसार बिक्री गर्न बोलपत्र भर्न सकिनेछ। बिक्री नामसारी भएपछि बैंकको कुनै दायित्व रहने छैन।

६) बोलपत्र खोल्नका लागि आमन्त्रीत प्रतिनिधी वा बोलपत्रदाताहरु समेत उपस्थित नभएमा पनि बोलपत्र खोल्न बाधा पर्नेछैन। बोलपत्र खोल्ने दिन सार्वजनिक बिदा परेमा त्यसको लगत्तै कार्यालय खुलेको दिनमा सोही स्थान र समयमा लिलाम कार्य हुनेछ।

७) कुनै कारण खुलाई वा नखुलाई उक्त बोलपत्र स्वीकृत वा अस्वीकृत गर्ने सम्पूर्ण अधिकार विकास बैंकमा सुरक्षित रहनेछ।

८) अन्य शर्तहरु बोलपत्र फारममा उल्लेख गरिए बमोजिम हुनेछ।

शिलबन्दी बोलपत्र पेश गर्ने अन्तिम मिति : २०८३ असार ०८ गते सोमबार दिउँसो ४:०० बजे सम्म।
शिलबन्दी बोलपत्र खोलिने मिति : २०८३ असार ०९ गते मंगलबार दिउँसो ४:०० बजे देखि ।
बोलपत्र खोलिने स्थान : केन्द्रिय कार्यालय, गितामन्दिर रोड, बीरगन्ज-०६, पर्सा।

नोट :ऋणी तथा जमानतकर्ता बाहेकका सूचनामा उल्लेखित अन्य व्यक्तिहरुको नाम ऋणी तथा जमानतकर्ताको परिचय खुलाउने प्रयोजनका लागि मात्र प्रयोग गरिएको।

Corporate Development Bank Ltd.
कर्पोरेट डेभलपमेन्ट बैंक लि.
first choice - financial friend
नेपाल राष्ट्र बैंकबाट ख वर्गको ईजाजत पत्र प्राप्त वित्तिय संस्था

प्रधान कार्यालय:
गीता मन्दिर रोड, वीरगंज,पर्सा
फोन नं. ०५१-५३१०३१
शाखा कार्यालय: बसपार्क (बाईपास) बिरगंज ड्राईपोर्ट, श्रीसिया, बिरगंज। टेडारोड, चोर्नी, (जीतपुर), बर्दिबास(महोतरी) ,बरहथवा (सर्लाही)।

हत्या अभियोगका फरार प्रतिवादी २५ वर्षपछि पक्राउ

मधेशदृष्टि
वीरगंज।
करिब २५ वर्षअघि भएको एक हत्या प्रकरणमा संलग्न फरार अभियुक्तलाई पर्सा प्रहरीले पक्राउ गरेको छ। लामो समयदेखि कानुनी कारबाहीबाट बच्दै आएका आरोपीलाई विशेष सूचनाका आधारमा नियन्त्रणमा लिइएको प्रहरीले जनाएको छ।
जिल्ला प्रहरी कार्यालय पर्साका अनुसार २०५८ फागुन २६ गते तत्कालीन धौरे गाविस–८ (हाल पकाहा मैनपुर गाउँपालिका–१) निवासी २६ वर्षीया रावडी भन्ने रीना देवीको हत्या भएको थियो। घरायसी विवादका क्रममा घाँटी थिचेर उनको हत्या गरिएको अनुसन्धानबाट खुलेको थियो।
घटनापछि फरार रहेका आरोपी काशी महतो चाई भन्ने ५० वर्षीय काशीप्रसाद चौहानलाई प्रहरी टोलीले सोमबार बिहान करिब ७ बजे आफ्नै घरमा लुकिछिपी बसेको अवस्थामा पक्राउ गरेको हो। उनी पनि सोही स्थानका स्थायी बासिन्दा हुन्। प्रहरीले कर्तव्य ज्यान (ज्यान सम्बन्धी कसुर) मुद्दामा पर्सा जिल्ला अदालतबाट तीन दिनको म्याद थप अनुमति लिएर थप अनुसन्धान अघि बढाएको जनाएको छ।
जिल्ला प्रहरी कार्यालय पर्साका प्रवक्ता प्रहरी नायब उपरीक्षक हरि बहादुर बस्नेतका अनुसार घटनाको लामो अन्तरालपछि अभियुक्त पक्राउ परेकाले अनुसन्धानलाई निष्कर्षमा पु¥याउने प्रक्रिया अगाडि बढाइएको छ। प्रहरीले घटनासम्बन्धी अन्य पक्षमाथि समेत अनुसन्धान जारी रहेको जनाएको छ।

जिल्ला वन पैदावार समितिको अध्यक्ष अहमद नियुक्त

मधेशदृष्टि
वीरगंज।
मधेश प्रदेश सरकारको वन तथा वातावरण मन्त्रालयले नेपाली कांग्रेस पर्सा क्षेत्र नं. ४ का सचिव बलिष्टर अहमदलाई जिल्ला वन पैदावार आपूर्ति समिति पर्साको अध्यक्षमा नियुक्त गरेको छ। मन्त्रालयले जारी गरेको नियुक्तिपत्रअनुसार मन्त्रीस्तरबाट २०८३ जेठ १९ गते गरिएको निर्णयका आधारमा प्रदेश वन ऐन, २०७७ को दफा ९४ बमोजिम अहमदलाई उक्त जिम्मेवारी प्रदान गरिएको हो।
वन तथा वातावरण मन्त्रालयका महाशाखा प्रमुख सूर्य प्रसाद मैनालीद्वारा हस्ताक्षरित पत्रमा अध्यक्षको भूमिकामा रहँदा निष्पक्ष, इमान्दार र उत्तरदायी ढंगले प्रचलित कानुनअनुसार कार्य सम्पादन गर्ने अपेक्षा व्यक्त गरिएको छ। साथै मन्त्रालयले नव नियुक्त अध्यक्ष अहमदलाई बधाई तथा सफल कार्यकालका लागि शुभकामना समेत दिएको छ।
नेपाली कांग्रेस पर्सा क्षेत्र नं. ४ का सचिवका रूपमा सक्रिय राजनीतिक भूमिका निर्वाह गर्दै आएका अहमदको नियुक्तिसँगै जिल्ला वन पैदावार आपूर्ति समिति पर्साको नेतृत्वले वन पैदावारको संरक्षण, व्यवस्थापन तथा वितरण प्रणालीलाई थप व्यवस्थित र प्रभावकारी बनाउने अपेक्षा गरिएको छ।
मन्त्रालयका अनुसार नियुक्तिपत्रको बोधार्थ प्रदेश वन निर्देशनालय जनकपुरधाम, डिभिजन वन कार्यालय पर्सा तथा जिल्ला वन पैदावार आपूर्ति समिति पर्सामा समेत पठाइएको छ।

राजस्व किर्ते प्रकरणका चार आरोपी धरौटीमा रिहा

मधेशदृष्टि
वीरगंज।
भूमि प्रशासन (मालपोत) कार्यालय पर्सामा राजस्व किर्ते गरेको आरोपमा पक्राउ परेका लेखनदास ओम यादवसहित चार जना पर्सा जिल्ला अदालतको आदेशपछि धरौटीमा रिहा भएका छन्। राजस्व छली तथा किर्तेसम्बन्धी आरोपमा अनुसन्धानको दायरामा आएका जग्गाधनी, लेखनदास यादव र दुई कर्मचारी गरी चार जनाविरुद्ध मुद्दा दर्ता भएको थियो। सोही मुद्दामा सुनुवाइ गर्दै पर्सा जिल्ला अदालतले शुक्रबार उनीहरूलाई धरौटीमा रिहा गर्न आदेश दिएको हो।
प्रहरीका अनुसार लेखनदास यादवले एक सेवाग्राहीबाट लाखौँ रुपैयाँ लिएर भूमि प्रशासन कार्यालयमा दाखिला गर्नुपर्ने लाभकर रकममा हेरफेर गरेको आरोप लागेको थियो। यस सम्बन्धमा भूमि प्रशासन कार्यालय पर्साले दिएको लिखित जाहेरीका आधारमा प्रहरीले उनलाई पक्राउ गरी अनुसन्धान प्रक्रिया अघि बढाएको थियो।
अनुसन्धानका क्रममा वीरगंज महानगरपालिकामा बुझाइएको घरजग्गा करको रसिदमा चलखेल गरी साढे सात प्रतिशत तिर्नुपर्ने लाभकरको दर घटाएर राजस्व छली गरिएको खुलेको प्रहरीले जनाएको छ। उक्त कार्यबाट भूमि प्रशासन कार्यालय पर्सालाई करिब साढे चार लाख रुपैयाँ बराबरको राजस्व नोक्सानी पुगेको आरोप छ। घटना सार्वजनिक भएपछि यादवले सम्बन्धित रकम बैंकमा दाखिला गरेर विषय मिलाउन प्रयास गरेको बताइए पनि कार्यालय प्रमुखले लिखित जाहेरी दिएपछि कानुनी प्रक्रिया अगाडि बढाइएको थियो।
यसै प्रकरणमा गत जेठ १८ गते साँझ भूमि प्रशासन कार्यालयका तीन कर्मचारीलाई समेत नियन्त्रणमा लिन प्रहरी परिचालन गरिएको थियो। तीमध्ये दुई जना मात्र प्रहरी सम्पर्कमा आएका थिए। अदालतबाट धरौटीमा रिहा भए पनि प्रकरणसँग सम्बन्धित थप अनुसन्धान तथा कानुनी प्रक्रिया भने जारी रहेको बताइएको छ।

सखुवा प्रसौनीमा निःशुल्क स्वास्थ्य शिविर, ४८२ जना बिरामीले पाए विशेषज्ञ सेवा

मधेशदृष्टि
वीरगंज।
पर्साको सखुवा प्रसौनी गाउँपालिका–२ श्रीपुर पञ्चगावामा आयोजित एकदिने निःशुल्क स्वास्थ्य शिविरबाट ४८२ जना बिरामी लाभान्वित भएका छन्। ग्रामीण क्षेत्रका नागरिकलाई विशेषज्ञ स्वास्थ्य सेवा सहज रूपमा उपलब्ध गराउने उद्देश्यले सञ्चालन गरिएको शिविरमा विभिन्न रोगसम्बन्धी परीक्षण, परामर्श तथा उपचार सेवा प्रदान गरिएको थियो।
सखुवा प्रसौनी गाउँपालिकाको समन्वय, पर्सा ख्रिष्टियन समाज वीरगंजको आयोजन तथा नेशनल मेडिकल कलेज शिक्षण अस्पताल वीरगंजको प्राविधिक सहयोगमा श्री दीप नारायण आदर्श नमुना माध्यमिक विद्यालय परिसरमा शिविर सञ्चालन गरिएको हो।
पर्सा ख्रिष्टियन समाजका कोषाध्यक्ष रामप्रसाद घिमिरेका अनुसार शिविरमा मुटुरोग, स्त्री तथा प्रसूति रोग र जनरल मेडिसिनसम्बन्धी विशेषज्ञ चिकित्सकहरूले सेवा दिएका थिए। सहभागी बिरामीहरूको निःशुल्क स्वास्थ्य परीक्षण, चिकित्सकीय परामर्श तथा आवश्यक औषधि वितरण गरिएको थियो।
नेशनल मेडिकल कलेजका मार्केटिङ म्यानेजर जितेश चन्द्र दासले शिविरमा रक्तचाप, मधुमेह, नाडी परीक्षण, तौल मापन, इसिजी तथा ईकोसहितका आधुनिक स्वास्थ्य परीक्षण सेवासमेत उपलब्ध गराइएको जानकारी दिए।
कार्यक्रमलाई सम्बोधन गर्दै गाउँपालिका अध्यक्ष जसवन्त यादवले ग्रामीण भेगका नागरिकलाई घर नजिकै विशेषज्ञ स्वास्थ्य सेवा उपलब्ध गराउने उद्देश्यले यस्ता कार्यक्रम आयोजना गरिएको बताए। आर्थिक अभाव वा पहुँचको समस्याका कारण अस्पतालसम्म पुग्न नसक्ने नागरिकका लागि स्वास्थ्य शिविर प्रभावकारी माध्यम बनेको उल्लेख गर्दै उनले आगामी दिनमा पनि यस्ता सहकार्यलाई निरन्तरता दिइने बताए।
मुटुरोग विशेषज्ञ डा. अशरफ हुसेनले ग्रामीण क्षेत्रमा मुटुरोग तथा अन्य जटिल स्वास्थ्य समस्याबारे चेतनाको कमी रहेको उल्लेख गर्दै शिविरमार्फत धेरै बिरामीमा प्रारम्भिक अवस्थामै रोग पहिचान गर्न सहयोग पुगेको बताए।
शिविरकै अवसरमा नेशनल मेडिकल कलेज शिक्षण अस्पताल र सखुवा प्रसौनी गाउँपालिकाबीच स्वास्थ्य सेवा सहकार्यसम्बन्धी समझदारीपत्र (एमओयू) मा हस्ताक्षर भएको छ। त्यस्तै नेशनल मेडिकल कलेज र पर्सा ख्रिष्टियन समाजबीच पनि स्वास्थ्य सेवामा सहकार्य गर्ने सम्बन्धमा छुट्टै सम्झौता गरिएको छ। सम्झौताअनुसार शिविरमा सहभागी बिरामीहरूले नेशनल मेडिकल कलेजमा थप उपचार गराउँदा २० प्रतिशतसम्म विशेष छुट सुविधा प्राप्त गर्नेछन्।
पर्सा ख्रिष्टियन समाजका अध्यक्ष सिमोन राईको अध्यक्षतामा सम्पन्न कार्यक्रममा गाउँपालिका उपाध्यक्ष शर्मिला बिष्ट, स्वास्थ्य शाखा प्रमुख राजेश प्रसाद रौनियार, विद्यालयका प्रधानाध्यापक शिवनाथ प्रसाद चौधरी लगायतको उपस्थिति रहेको थियो। कार्यक्रमको सञ्चालन कोषाध्यक्ष रामप्रसाद घिमिरेले गरेका थिए।
शिविरमा नेशनल मेडिकल कलेज शिक्षण अस्पतालका प्रमुख सूचना अधिकृत इ. प्रदीप कुमार चौधरी, क्वालिटी तथा अपरेशन म्यानेजर ब्रजकिशोर चौधरी, मार्केटिङ म्यानेजर जितेश चन्द्र दाससहित मुटुरोग विशेषज्ञ डा. अशरफ हुसेन, स्त्री तथा प्रसूति रोग विशेषज्ञ डा. रवि कुमार साह तथा जनरल फिजिसियन डा. प्रवेज आलम अन्सारीलगायतको चिकित्सक टोलीले सेवा प्रदान गरेको थियो।
यसैबीच नेशनल मेडिकल कलेज शिक्षण अस्पताल र सखुवा प्रसौनी गाउँपालिकाबीच स्वास्थ्य सेवा सहकार्य सम्बन्धी समझदारीपत्र (एम.ओ.यू.) मा हस्ताक्षर भएको छ। साथै, नेशनल मेडिकल कलेज र पर्सा ख्रिष्टियन समाजबीच पनि छुट्टै स्वास्थ्य सहकार्य सम्झौता गरिएको छ। शिविरमा सहभागी भएका बिरामीहरूलाई नेशनल मेडिकल कलेजमा थप उपचार गराउँदा २० प्रतिशतसम्म विशेष छुट दिने सहमति भएको छ।
कार्यक्रममा गाउँपालिका उपाध्यक्ष शर्मिला बिष्ट, स्वास्थ्य शाखा प्रमुख राजेश प्रसाद रौनियार, विद्यालयका प्रधानाध्यापक शिवनाथ प्रसाद चौधरी लगायतके सहभागिता रहेको थियो।
त्यस्तै पर्सा ख्रिष्टियन समाजका अध्यक्ष सिमोन राईको अध्यक्षतामा भएको कार्यक्रमको सञ्चालन कोषाध्यक्ष राम प्रसाद घिमिरेले गरेका थिए। शिविरमा नेशनल मेडिकल कलेज शिक्षण अस्पतालको तर्फबाट प्रमुख सूचना अधिकृत इ. प्रदीप कुमार चौधरी, क्वालिटी तथा अपरेशन म्यानेजर ब्रज किशोर चौधरी र मार्केटिङ म्यानेजर जितेश चन्द्र दास लगायतको उपस्थिति रहेको थियो।
शिविरमा मुटुरोग विशेषज्ञ डा. अशरफ हुसेन, स्त्री तथा प्रसूति रोग विशेषज्ञ डा. रवि कुमार साह तथा जनरल फिजिसियन डा. प्रवेज आलम अन्सारी लगायतको टोलीले बिरामीहरूको स्वास्थ्य जाँच गरेको थियो।

मानव–वन्यजन्तु द्वन्द्व न्यूनीकरणसम्बन्धी अभिमुखीकरण

मधेशदृष्टि
सिमरा।
मानव–वन्यजन्तु द्वन्द्व न्यूनीकरण तथा वन्यजन्तु अपराध नियन्त्रणसम्बन्धी अभिमुखीकरण कार्यक्रम सिमरामा सम्पन्न भएको छ।
डिभिजन वन कार्यालय बाराको आयोजना तथा तराई भू–परिधि तथा संरक्षण कार्यक्रमको सहयोगमा आयोजित कार्यक्रममा वन संरक्षण, वन्यजन्तु व्यवस्थापन र कानुनी प्रावधानबारे विस्तृत जानकारी प्रदान गरिएको थियो।
कार्यक्रममा डिभिजन वन कार्यालय बाराका वन अधिकृत ललन राउत, संजय चौधरी, बादल तथा रेञ्जर निरज पोखरेलले सहजीकरण गर्दै वन्यजन्तु संरक्षण, वन अपराध नियन्त्रण र मानव–वन्यजन्तुबीचको सहअस्तित्व कायम गर्न अपनाउनुपर्ने उपायबारे प्रशिक्षण दिनुभएको थियो।
कार्यक्रम संयोजक वन अधिकृत वर्षा लामाका अनुसार अभिमुखीकरणमा वन तथा वन्यजन्तुसम्बन्धी ऐन–कानुन, अपराधमा हुने दण्ड–सजाय, वन्यजन्तुबाट भएको क्षतिको क्षतिपूर्ति प्राप्त गर्ने प्रक्रिया, वन संरक्षणका उपाय तथा सामुदायिक र साझेदारी वनको महत्वबारे जानकारी गराइएको थियो।

बयलगाडाले किचेका बालकको मृत्यु

मधेशदृष्टि
सर्लाही।
सर्लाहीको बरहथवामा बयलगाडाले किचेका बालकको आइतबार उपचारका क्रममा मृत्यु भएको छ। शनिबार बरहथवा नगरपालिका–१६, का खैरु पण्डितले चलाएको बयलगाडाले स्थानीय कृष्ण कुम्हालका नौ वर्षीय छोरा सुभास कुम्हाल घाइते भएका थिए।
त्यसबाट गम्भीर घाइते भएका बालकलाई तत्काल उपचारको लागि बरहथवास्थित नगर अस्पताल पु¥याएको थियो। त्यहाँबाट थप उपचारका लागि वीरगञ्ज न्यूरो अस्पताल पु¥याएकामा बालकको आज बिहान मृत्यु भएको जिल्ला प्रहरीका सूचना अधिकारी प्रहरी नायब उपरीक्षक वेदप्रसाद गौतमले जानकारी दिए।

इनार खन्ने क्रममा निसास्सिएर युवकको मृत्यु

मधेशदृष्टि
महोत्तरी।
महोत्तरीको गौशाला नगरपालिका–१२ परियास्थित निर्माणाधीन इनारमा काम गर्ने क्रममा निसास्सिएर एक युवकको मृत्यु भएपछि वडा अध्यक्षसहित पाँच जनाविरुद्ध कर्तव्य ज्यानसम्बन्धी मुद्दामा जाहेरी दर्ता गरिएको छ
सर्लाहीको ईश्वरपुर नगरपालिका–१३ निवासी चन्द्रप्रकाश महतोले आफ्ना २१ वर्षीय छोरा बसन्त कुमार कुशवाहाको मृत्यु लापरवाहीका कारण भएको आरोप लगाउँदै इलाका प्रहरी कार्यालय गौशालामा जाहेरी दिनुभएको हो। जाहेरीअनुसार निर्माणाधीन इनारभित्र रुखको जरा काट्ने क्रममा प्रयोग गरिएको मेसिनबाट निस्किएको धुवाँका कारण बसन्त कुमार कुशवाहा निसास्सिएर बेहोस भएका थिए।
गम्भीर अवस्थामा रहेका उनलाई तत्काल उपचारका लागि अस्पताल लगिए पनि चिकित्सकले मृत घोषणा गरेका थिए। पीडित परिवारले गौशाला नगरपालिका–१२ का वडा अध्यक्ष कुशेश्वर सिंह कुशवाहासहित पाँच जनाविरुद्ध कर्तव्य ज्यानसम्बन्धी कसुरमा जाहेरी दर्ता गराएको छ।
परिवारले इनारभित्रको जोखिमबारे जानकारी हुँदाहुँदै पर्याप्त सुरक्षा सतर्कता नअपनाई काममा लगाइएको तथा गम्भीर लापरवाहीका कारण युवकको ज्यान गएको आरोप लगाएको छ।

अधिकांश होटल र मिठाई पसलमा खाद्य स्वच्छता मापदण्ड उल्लंघन

मधेशदृष्टि
वीरगंज।
खाद्य स्वच्छता र गुणस्तर सुनिश्चित गर्ने उद्देश्यले खाद्य प्रविधि तथा गुण नियन्त्रण विभागले पर्सा र बारामा सञ्चालन गरेको अनुगमनका क्रममा अधिकांश होटल, रेस्टुरेन्ट तथा मिठाई पसलले न्यूनतम खाद्य सुरक्षा मापदण्डसमेत पालना नगरेको पाइएको छ। उपभोक्ता हित संरक्षण मञ्च नेपाल पर्सालेजेठ १७ गते सार्वजनिक गरेको विज्ञप्तिपछि विभागले 'मोबाइल फुड ल्याब भ्यान' परिचालन गर्दै वीरगंज, अमलेखगञ्ज, निजगढ र कलैयाका विभिन्न खाद्य व्यवसायमा अनुगमन गरेको हो।
खाद्य प्रविधि तथा गुण नियन्त्रण डिभिजन कार्यालय वीरगञ्जका प्रमुख सुरेश सिंहको नेतृत्वमा खटिएको टोलीले किचेनको सरसफाइ, खाद्य सामग्रीको भण्डारण अवस्था, प्रयोग गरिएको तेलको गुणस्तर, कामदारको व्यक्तिगत सरसफाइ, डस्टबिन व्यवस्थापन तथा खाद्य सुरक्षा मापदण्डको कार्यान्वयनबारे निरीक्षण गरेको थियो। अनुगमनका क्रममा वीरगञ्जस्थित अनमोल स्विट्स, होटल मकालु प्रालि, होटल पुजन प्रालि तथा मेजवानी स्विट्समा सरसफाइको अवस्था कमजोर रहेको, खुला डस्टबिन प्रयोग गरिएको, खाद्य सामग्री असुरक्षित ढंगले भण्डारण गरिएको तथा अत्यधिक पटक ततााइएको तेल प्रयोग भइरहेको भेटिएको विभागले जनाएको छ।
मापदण्डविपरीत प्रयोग भइरहेको तेल तत्काल नष्ट गरिनुका साथै सम्बन्धित व्यवसायीलाई सुधारका लागि निर्देशन दिइएको छ। उपभोक्ता हित संरक्षण मञ्च नेपालका केन्द्रीय सदस्य अजित भुजेलले गत वर्ष होटल तथा रेस्टुरेन्टहरूको स्तरियकरण गरिए पनि अधिकांश व्यवसायमा अपेक्षित सुधार नआएको बताए। उपभोक्ता अधिकारकर्मी प्रकाश शाहले पटक–पटक सचेत गराउँदा पनि व्यवसायीले अटेर गरिरहेको उल्लेख गर्दै कानुनी कारबाहीलाई थप कडा बनाउनुपर्ने धारणा व्यक्त गरे।
यसअघि मोबाइल खाद्य ल्याब भ्यानले अमलेखगञ्ज, निजगढ तथा बाराका विभिन्न होटल र रेस्टुरेन्टमा समेत अनुगमन गरेको थियो। अमलेखगञ्जका जर्गा होटल, मेची होटल, कल्पवृक्ष होटल, होटल लम्साल तथा निजगढका होटल रुद्राक्ष, चंकि रेस्टुरेन्ट, हाईवे फुड ल्यान्ड रेस्टुरेन्ट र होटल राजमार्गमा पनि सरसफाइ कमजोर, खुला डस्टबिन प्रयोग तथा धेरै पटक ततााइएको तेल प्रयोग भइरहेको भेटिएको थियो।
त्यसैगरी शनिबार कलैयाका न्यु कृष्ण स्विट्स, सिद्धु सिद्धार्थ स्विट्स, माँ अन्नापूर्ण स्विट्स र केशर स्विट्समा गरिएको अनुगमनमा पनि अधिकांश पसलमा कामदारले हेडनेट प्रयोग नगरेको, तेल अत्यधिक पटक ततााइएको तथा खाद्य सामग्री असुरक्षित रूपमा राखिएको पाइएको बारा उपभोक्ता अधिकारकर्मी अरुण खनालले जानकारी दिए। अनुगमन टोलीमा विभागका केमिस्ट पवन कुमार कुर्मी, खाद्य निरीक्षक जगत प्रकाश चौधरी, श्रवण साह, उपभोक्ता अधिकारकर्मी प्रकाश कुमार शाह तथा पत्रकार अभिलाष गुप्तालगायतको सहभागिता रहेको थियो।
अनुगमनपछि उपभोक्ताहरूले खाद्य स्वच्छता तथा गुणस्तर मापदण्ड उल्लंघन गर्ने होटल, रेस्टुरेन्ट र मिठाई पसलमाथि कडा कानुनी कारबाही गर्न माग गरेका छन्। उनीहरूले बारम्बार चेतावनी दिँदा पनि सुधार नगर्ने व्यवसायीलाई जरिवाना, स्तर घटाउने तथा आवश्यक परे सञ्चालन अनुमति नै खारेज गर्नुपर्ने बताएका छन्।

सम्पादकीय

परराष्ट्रमन्त्रीको भारत भ्रमण र लिपुलेकबारे दाबी

परराष्ट्रमन्त्री शिशिर खनालको हालै सम्पन्न भारत भ्रमण नेपाल–भारत सम्बन्धमा नयाँ आयाम थप्ने प्रयासका रूपमा हेरिएको छ। दुई देशबीचको कूटनीतिक चिसोपना र सीमा विवादका कारण उत्पन्न असहज परिस्थितिका बीच भएको यो भ्रमणले संवादको ढोका खोलेको छ । भ्रमणका क्रममा परराष्ट्रमन्त्री खनालले कालापानी, लिपुलेक र लिम्पियाधुरा नेपालको अविभाज्य भूमि भएको स्पष्ट सन्देश दिएका छन्, जसले राष्ट्रिय अडानलाई पुनः पुष्टि गरेको छ।

भ्रमणबाट फर्किएपछि परराष्ट्रमन्त्री खनालले कालापानी, लिपुलेक र लिम्पियाधुरा नेपालको भूमि भएको र चीन तथा भारतले नेपालको सहमतिबिना यस विषयमा कुनै सम्झौता गर्न नसक्ने दृढताका साथ बताएका छन् । उनको यो भनाइले नेपालको सार्वभौमिकता र भौगोलिक अखण्डताप्रतिको प्रतिबद्धतालाई झल्काउँछ। यो विवादित क्षेत्रमा भारत र चीनबीच कुनै पनि सम्झौता नेपालको सहमतिबिना मान्य नहुने नेपालको स्पष्ट अडान हो।

कालापानी, लिपुलेक र लिम्पियाधुराको सीमा विवाद नेपाल र भारतबीच लामो समयदेखि चल्दै आएको संवेदनशील मुद्दा हो । सन् २०१९ मा भारतले जारी गरेको नयाँ राजनीतिक नक्सामा यी क्षेत्रहरूलाई आफ्नो भूभागमा समावेश गरेपछि यो विवाद थप चर्किएको थियो। नेपालले पनि त्यसको प्रत्युत्तरमा यी क्षेत्रहरूलाई समेटेर आफ्नो नयाँ नक्सा जारी गरेको थियो । यस क्षेत्रको ऐतिहासिक तथ्य र प्रमाणहरूले नेपालको दाबीलाई बलियो बनाउँछ।

परराष्ट्रमन्त्रीको यो स्पष्ट अडानले सीमा विवाद समाधानका लागि द्विपक्षीय वार्ताको आवश्यकतालाई जोड दिएको छ।

नेपालले सधैँ कूटनीतिक माध्यमबाट समस्या समाधान गर्नुपर्नेमा जोड दिँदै आएको छ। भारत र चीन दुवैले नेपालको संवेदनशीलतालाई बुझेर यस विषयमा नेपालसँग वार्ता गर्नुपर्छ। तेस्रो पक्षको मध्यस्थताभन्दा पनि द्विपक्षीय वार्ताबाटै समाधान खोज्नुपर्नेमा नेपालको जोड छ।

अन्ततः, परराष्ट्रमन्त्री खनालको भारत भ्रमण र उनको स्पष्ट भनाइले नेपालको राष्ट्रिय हित र सार्वभौमिकताको रक्षाका लागि कूटनीतिक पहललाई थप बल पु¥याएको छ । यो विषयको स्थायी समाधानका लागि नेपालले आफ्नो अडानमा दृढ रहँदै भारत र चीनसँग रचनात्मक संवाद जारी राख्नुपर्छ । यसले मात्रै दीर्घकालीन शान्ति र क्षेत्रीय स्थायित्व सुनिश्चित गर्न सक्छ।

भारतको 'रेड कार्पेट' र रविको राजनीतिक अप्टिक्स

–रणधीर चौधरी

भारतीय जनता पार्टी (भाजपा) का अध्यक्षको निमन्त्रणामा राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का सभापति रवि लामिछाने जेठ १८ देखि २२ गतेसम्म भारत भ्रमणमा थिए । विभिन्न देशका राजनीतिज्ञहरूलाई भाजपाले 'नो बीजेपी' कार्यक्रमअन्तर्गत भारत भ्रमणमा आमन्त्रण गर्दै आएको छ। यसअघि पनि नेपाली कांग्रेस, एमालेलगायत दलका नेताहरू भाजपाको निमन्त्रणामा दिल्ली भ्रमणमा गएका थिए ।

नेपालमा गत फागुन २१ गतेको निर्वाचन परिणाम सार्वजनिक भएलगत्तै विश्वका विभिन्न देशबाट रास्वपा तथा प्रधानमन्त्रीका रूपमा प्रस्तावित बालेन्द्र शाहलाई बधाईको ओइरो लागेको थियो । भारतले भने रवि लामिछानेसँगै रास्वपाका वरिष्ठ नेता बालेन्द्र शाह दुवैलाई शुभकामना सन्देश पठाएको थियो । स्वयं भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले टेलिफोनमार्फत 'वन–टु–वन' बधाइ तथा शुभकामना दिएका थिए ।

रवि भाजपाको आमन्त्रणमा भारत जाँदै छन् भन्ने समाचार सार्वजनिक हुनुअघि भारतीय विदेश सचिव विक्रम मिश्रीको नेपाल भ्रमणको चर्चा उत्कर्षमा पुगेको थियो। तर उनको भ्रमण अन्तिम समयमा आएर अचानक स्थगित भएको थियो । नेपालका ४७औँ प्रधानमन्त्री बालेन्द्र शाहको भारत भ्रमणको चर्चा तत्कालका लागि समाचारमै सीमित हुन पुग्यो । एकवर्ष सुशासनमा ध्यान दिने, 'कम बोल्ने र बढी काम गर्ने' छवि निर्माणमा केन्द्रित रहेकाले प्रधानमन्त्री शाह कम्तीमा एकवर्ष देशबाहिर भ्रमण नगर्ने सोचमा रहेको कुरा रास्वपाभित्र बालेन्द्रनिकट मानिने नेताहरूले सार्वजनिक रूपमा बताउँदै आएका छन् ।

यस्तो अवस्थामा रवि लामिछानेको भारत भ्रमणलाई लिएर विभिन्न कोणबाट टिप्पणी र विश्लेषण हुनु स्वाभाविक हो । भाजपाको विशेष आमन्त्रणमा 'रेड कार्पेट' स्वागत पाएका लामिछानेले हिन्दुस्तान टाइम्समा प्रकाशित लेखमार्फत भारतसँग रास्वपाको अपेक्षाबारे खुलेर धारणा व्यक्त गरेका थिए। उक्त लेखले पनि उल्लेखनीय चर्चा पाएको देखिन्छ ।

के रवि लामिछानेको भारत भ्रमणका क्रममा देखिएका 'पोलिटिकल अप्टिक्स' (दृश्य–राजनीति) ले नेपाल–भारत सम्बन्धमा कुनै परिमाणगत परिवर्तन (प्याराडाइम सिफ्ट) ल्याउन सक्ने सम्भावना राख्छ ? यो आलेख यिनै प्रश्नहरूमा केन्द्रित रहेको छ ।

अप्टिक्सले पनि अर्थ राख्दछ

तीन वर्षअघि रवि लामिछानेले बेलुकाको समयमा आयोजित एक पत्रकार सम्मेलनमार्फत आफ्ना राजनीतिक प्रतिद्वन्द्वीहरूमाथि आक्रोशपूर्ण टिप्पणी गरेका थिए । त्यही क्रममा उनले नेपाल–भारत सम्बन्धको अपरिहार्यता र दुई देशबीच सुमधुर सम्बन्ध कायम राख्न भारतले नेपालसँग 'सिधी बात' गर्नुपर्ने अपिल पनि गरेका थिए । सिधी बात अर्थात् राजनीतिक तहमा खुला संवादमार्फत नेपाल–भारत सम्बन्धका विभिन्न आयामलाई सुदृढ बनाउँदै लैजानुपर्छ भन्ने उनको ध्येय थियो ।

फागुन २१ को निर्वाचनपछि ४८ प्रतिशत मत र १८२ संघीय सांसद भएको दलका सभापति बनेका छन् लामिछाने । भाजपा मुख्यालयमा पुष्पवृष्टिसहित गरिएको स्वागत कार्यक्रमले भारतीय सत्तारुढ दलले नेपाली सत्तारुढ दलका सभापतिलाई दिन खोजेको न्यानोपनाको सन्देश दिएको देखिन्छ। यस्तो स्वागतले स्वयं लामिछानेलाई पनि मन्त्रमुग्ध बनाएको हुनुपर्छ ।

पुराना दलहरूमध्ये नेपाली कांग्रेस, एमालेजस्ता पार्टीहरूको उदय नै भारतीय भूमिबाट भएको इतिहास छ । माओवादीका हाई कमाण्डरहरू कहिले भारतमा पक्राउ पर्थे त कहिले भारतमै 'पनाह' पाउने गर्थे । अहिलेसम्म नेपाली कांग्रेस, एमाले र माओवादीजस्ता दलहरूको राजनीतिक अभ्यास शैलीसँग अभ्यस्त सरोकारवालाहरूका लागि पनि यसले नयाँपन थप्ने नै भयो ।

सन् २०१४ भन्दा पहिले गैर–भाजपा सरकार र नेताहरूसँग नेपाली राजनीतिज्ञहरूको सम्बन्ध व्यक्तिगत स्तरमै स्थापित थियो। चार वर्षअघि मात्र उदाएको रास्वपा नेपाली राजनीतिमा नयाँ शक्तिका रूपमा देखा पर्दा यसबारे देशभित्र र बाहिर राजनीतिक विमर्शमा स्थान पाएको थियो । तर भदौ २३ र २४ गतेको जेनेजी विद्रोहपश्चात् भएको निर्वाचनबाट जसरी रास्वपाले राष्ट्रिय राजनीतिमा 'परिमाण विस्थापन' गरेको छ, त्यसले राजनीतिक अभ्यासमा पनि नयाँपन थपेको छ ।

रविले आफ्नो लेखमा रास्वपाको उदय सडक हिंसा वा सैन्य विद्रोहबाट नभई शान्तिपूर्ण मतदान क्रान्ति (ब्यालेट–बक्स रिभोल्युसन) बाट भएको र नयाँ पुस्ता पुरानो राजनीतिक बोझ तथा पूर्वाग्रहबाट सर्वथा मुक्त रहेको स्पष्ट पारेका छन् । नेपालको हरेक राजनीतिक परिवर्तनमा भारतीय भूमिका रहँदै आएको तथ्यसँग रविको राजनीतिक उदय केही हदसम्म बेमेल देखिन्छ ।

रास्वपाबाट प्रधानमन्त्री बालेन्द्र शाह रहे पनि बहुदलीय संसदीय व्यवस्थामा दलको प्रभाव र वर्चस्व जहिले पनि रहने नै हुन्छ । रविलाई भारतले दिएको सत्कार र सौहार्दताले उनी 'पोटेन्सियल प्रधानमन्त्री' पनि हुन् भन्ने अप्टिक्स निर्माण गरेको देखिन्छ ।

रास्वपा सभापति रवि लामिछानेले जेठ २० गते अपराह्न भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीसँग भेटवार्ता गर्नुअघि भारतीय विदेशमन्त्री डा. एस. जयशंकर र केन्द्रीय गृहमन्त्री अमित शाहसँग भेट गरिसकेका थिए। पार्टी सभापतिको हैसियतमा रविले भारतका प्रधानमन्त्रीसँग एक घण्टा संवाद गर्ने अवसर पाउनु संयोग मात्र होइन, भारतले रास्वपामार्फत नेपालसँग विस्तार गर्न खोजेको 'खुला राजनीतिक इन्गेजमेन्ट' को संकेत पनि हो ।

मोदीले रविसँगको भेटवार्तापछि भएको संवादको सार सार्वजनिक गर्दै दुई देशको साझा र समृद्ध भविष्यका लागि मिलेर काम गर्ने लामिछानेको चाहनालाई स्वागत र समर्थन गरेका थिए । उनले एक्समा लेखेका थिए, 'हाम्रो 'नेबरहुड फर्स्ट' नीति अन्तर्गत नेपाल प्राथमिकतामा रहेको साझेदार हो र हामी दुई देशबीचको विशिष्ट एवं बहुआयामिक सम्बन्धलाई थप उचाइमा पु¥याउन नयाँ सरकारसँग सहकार्य गर्न उत्सुक छौँ ।'

मोदीको उक्त पोस्टको भाव हिन्दुस्तान टाइम्समा प्रकाशित रविको प्रस्तावनात्मक लेखलाई सम्बोधन गरेको स्पष्ट बुझ्न सकिन्छ । सभापति रविले पनि मोदीको एक्स पोस्ट सेयर गर्दै त्यसप्रति सहमति जनाएका थिए । रविको लेख होस् वा भारतीय संस्थापन शक्तिहरूसँग भएका भेटघाट, उनले 'विकास कूटनीति' मा जोड दिन खोजेको देखिन्छ ।

सन् २०१४ देखि निरन्तर भारतीय सत्ता सम्हाल्दै आएको भाजपाको आधारभूमि राष्ट्रिय स्वयंसेवक संघ (आरएसएस) रहेको छ । भाजपाको सांस्कृतिक राष्ट्रवादको जरा नै आरएसएसको वैचारिक प्रस्तावनामा रहेको मानिन्छ । भाजपाले सत्ता सम्हालेदेखि भारतीय सनातन सभ्यता र सांस्कृतिक अभ्यासको प्रचार–प्रसार गर्दै त्यसलाई धार्मिक पर्यटनसँग जोड्ने नीति अवलम्बन गर्दै आएको छ ।

धर्मलाई अफिम र पूजापाठलाई पाखण्ड भन्दै जनयुद्धबाट उदाएका पुष्पकमल दाहालले वैचारिक विरोधाभासका बाबजुद भारत भ्रमणका क्रममा परम्परागत शैलीमा उज्जैनस्थित महाकालेश्वर मन्दिरमा विशेष पूजा गरी भारतीय सांस्कृतिक राष्ट्रवादप्रति आत्मीयता प्रकट गरेको सन्देश दिएका थिए ।

अयोध्यामा निर्मित राम मन्दिरको दर्शनबाट रविको भारत भ्रमणको समापन हुनु पनि भारतीय सांस्कृतिक 'अप्टिक्स' प्रतिको सहज स्वीकार्यताका रूपमा लिन सकिन्छ । यसलाई नेपालको वर्तमान सत्तासँग दाँज्ने हो भने, रास्वपाका वरिष्ठ नेता बालेन्द्र शाहले प्रधानमन्त्रीको शपथ ग्रहणका क्रममा प्रस्तुत गरेको सांस्कृतिक आवरणको विस्तारका रूपमा पनि हेर्न सकिन्छ ।

विकास कूटनीति र अन्य आयाम

समान सभ्यताको धरातलमा उभिएको नेपाल–भारत सम्बन्ध एउटा अकाट्य यथार्थ हो भने दुई देशबीच रहँदै आएको बेटी–रोटी सम्बन्ध यसको भावनात्मक आयाम हो। नागरिक स्तरमा अटुट रूपमा स्थापित यी दुई देशबीचको सम्बन्ध कसैले चाहँदैमा बिग्रने होइन । तर राज्य सञ्चालनका सवालमा उत्पन्न मतभिन्नताले दिल्ली र काठमाडौंबीचको सम्बन्धमा परिस्थितिजन्य उतारचढाव नदेखिएको भने होइन ।

वैश्विक र क्षेत्रीय स्तरमा भूराजनीतिक घर्षण बढिरहेको बेला रवि लामिछानेको प्रस्तावनात्मक लेखमा उल्लेख गरिएको वाक्यांश–'रास्वपा नेपाल–भारत सम्बन्धको सम्पूर्ण शब्दावलीलाई भूराजनीतिक घर्षणबाट टाढा राखेर आर्थिक साझेदारी र विकास कूटनीतिलाई दृढतापूर्वक अगाडि बढाउन चाहन्छ' ले रास्वपाको एउटा आदर्शवादी सोचलाई झल्काउँछ।

सन् १९४७ विश्व राजनीतिमा एउटा विशेष वर्ष थियो। यही वर्ष भारत स्वतन्त्र भएको थियो । दोस्रो विश्वयुद्धपछिको बदलिँदो विश्वव्यवस्थाले कस्तो आकार लिने भन्ने सन्दर्भमा यसै वर्षदेखि संयुक्त राज्य अमेरिकाको लोकतान्त्रिक पुँजीवाद र सोभियत संघको अधिनायकवादी साम्यवादबीचको गहिरो वैचारिक द्वन्द्व शीतयुद्धको कारक बन्यो । ४६ वर्षसम्म चलेको शीतयुद्धका क्रममा भारतले असंलग्न आन्दोलन (नन–अलाइन्ड मुभमेन्ट) लाई आत्मसात गर्दै अगाडि बढ्यो । नेपाल पनि कुनै शक्ति गुटको पक्ष वा विपक्षमा लागेन। नेपाल अहिले पनि असंलग्न परराष्ट्र नीतिको पक्षधर देशका रूपमा आफूलाई प्रस्तुत गर्दै आइरहेको छ ।

नेपाल–भारत सम्बन्धको सन्दर्भमा रास्वपाले छिमेकीसँगका समस्यालाई गलैँचामुनि नलुकाइ ऐतिहासिक तथ्य र प्रमाणका आधारमा विवाद समाधान गर्नुपर्ने धारणा अघि सारेको देखिन्छ । परम्परागत राजनीतिज्ञहरूले गर्ने अतिराष्ट्रवादी बयानबाजीको सट्टा सम्बन्धलाई पुनर्सन्तुलित गर्ने तर्क यथार्थवादी सुनिन्छ ।

रास्वपा सभापतिले आफ्नो भारत भ्रमणलाई विकास कूटनीतिमा केन्द्रित गरेको जस्तो देखिए पनि नेपाललाई विभिन्न शक्ति राष्ट्रहरूले रणनीतिक साझेदारीतर्फ डो¥याउने प्रयास गरिरहेका बेला त्यसबाट जोगिँदै नेपालको विश्वदृष्टिकोण निर्माण गर्नु चुनौतीपूर्ण छ ।

नेपालमा स्टेट पार्टनरसिप प्रोग्राम (एसपीपी) होस् वा ग्लोबल सेक्युरिटी इनिसिएटिभ (जिएसआई), भारतले नेपालमा विकसित यस्ता रणनीतिक बहसलाई सामान्य ढंगले लिएको होला जस्तो लाग्दैन। फेरि, भारतले नेपालसँग रणनीतिक साझेदारीसँग सम्बन्धित कुनै पृथक सहमति गर्नका लागि औपचारिक प्रस्तावसमेत गरेको छैन ।

यद्यपि, नेपाल–भारतको सुरक्षा नीतिबारे सन् १९५१ मा भारतका तत्कालीन प्रधानमन्त्री जवाहरलाल नेहरूले पहिलो पटक नेपाल भ्रमणका क्रममा गरेको सम्बोधन अहिले पनि सान्दर्भिक मान्न सकिन्छ । उनले भनेका थिए, 'पहाडले घेरिएको नेपाल, हिमालकी छोरी, भारतकी बहिनी, म अन्ततः यहाँ आएको छु... म आफैं पनि पहाडहरूको सन्तान हुँ । सुदूर उत्तरका पहाडहरू, तिनका दृश्यहरू र तिनीहरूमाथि बहने ताजा हावाको सासले मलाई उत्साहित बनाउँछ । हिमालयहरू भारतका गुरु र पहरेदार हुन्, नेपाल र तिनका सेता हिउँले ढाकिएका चुचुराहरूले मित्रहरूलाई स्वागत गर्छन् र शत्रुतापूर्ण मनसायहरूका लागि चेतावनी पनि हुन् । ती साझा र स्थायी गुरुहरूसँग भारत र नेपालको भाग्य एकअर्कासँग नजिकबाट जोडिएको छ । हामी दुवैले हाम्रो स्वतन्त्रताको रक्षा गर्ने यो बहुमूल्य सम्पदाको संरक्षण गर्नुपर्छ । आजको अनिश्चित संसारमा, जहाँ राष्ट्रहरू युद्धको तयारी गरिरहेका छन् र त्यसैबारे सोचिरहेका छन्, विशेष गरी हामीले प्राप्त गरेका स्वतन्त्रताहरूलाई सँगै संरक्षण गर्नु आवश्यक छ ।'

आजको बदलिँदो विश्व व्यवस्था र क्षेत्रीय रणनीतिक आयामहरूको बीच नेपाली राजनीतिमा देखिएको पिँढीगत परिवर्तन (जेनेरेशनल सिफ्ट) लाई भारतले गम्भीरतापूर्वक लिएको छ। रास्वपा सभापतिलाई भारतले दिएको सम्मान र भारतले बढाउन खोजिरहेको इन्गेजमेन्ट दीर्घकालसम्म निरन्तर रहोस् भन्ने भारतको ध्येय हुन सक्छ।

अन्त्यमा, नेपालले परराष्ट्र मामिला विज्ञ मधुरमण आचार्यको भनाइलाई आत्मसात गर्दै अगाडि बढ्नु यथार्थवादी कदम हुनेछ। आचार्यका अनुसार, 'नेपालको विश्वदृष्टिकोणमा सर्वव्यापी भारतभन्दा बढी महत्वपूर्ण केही छैन, जससँग नेपालको व्यापक राजनीतिक, आर्थिक र सांस्कृतिक सम्बन्ध छ। यी गतिशीलताहरूले नेपालको सन्दर्भमा भारतलाई एउटा कल्पवृक्षका रूपमा प्रस्तुत गर्छन्, त्यो रुख जसले तपाईंलाई चाहेको फल दिन सक्छ। यदि सावधानीपूर्वक व्यवहार गरियो भने भारतले नेपालका धेरै समस्याको समाधान प्रदान गर्न सक्छ । तर जब ठूलो छिमेकीको क्रोध व्यवस्थापन गर्न गाह्रो हुन्छ, त्यही भारत ठूलो समस्याको स्रोत पनि बन्न सक्छ ।'

संरक्षण अभावमा रामप्रसाद राईको शालिकसहित पार्क सङ्कटमा

केदार मगर\रासस

खोटेहाङ गाउँपालिका–७ खोटाङ बजारमा स्थापना गरिएको प्रजातान्त्रिक योद्धा एवं क्रान्ति नायक रामप्रसाद राईको शालिकसहितको पार्क (उद्यान) सङ्कटमा परेको छ । तत्कालीन १ नं प्रदेश (हाल कोशी प्रदेश सरकार)को ३० लाख रुपैयाँ तथा खोटेहाङ गाउँपालिकाको ४९ लाख रुपैयाँ गरी जम्मा ७९ लाख रुपैयाँमा स्थापना गरिएको क्रान्ति नायक राईको पूर्णकदको शालिक तथा स्मृति पार्क संरक्षण अभावमा सङ्कटमा परेको हो ।

क्रान्ति नायक रामप्रसाद राईको त्याग र समर्पणलाई उजागर गर्दै ऐतिहासिकस्थल टुँडीखेललाई पर्यटकीयस्थलका रूपमा विकास गर्ने लक्ष्यका साथ तीन वर्षअघि क्रान्ति नायक राईको शालिकसहितको स्मृति पार्क निर्माण गरिएको थियो ।

विसं २०८० फागुन ८ गते तत्कालीन नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र)का पोलिटब्युरो सदस्य एवं प्रतिनिधिसभा सदस्य (हाल नेपाली कम्युनिष्ट पार्टीका केन्द्रीय सदस्य) रामकुमार राई 'पासाङ'ले क्रान्ति नायक राईको शालिकसहितको पार्क उद्घाटन गर्नुभएको हो ।

ऐतिहासिकस्थल टुँडीखेलमा क्रान्ति नायक राईको शालिक, पार्क, प्रतीक्षालय, बगैँचालगायत भौतिक संरचना निर्माण गरिएको छ । फाइवर प्रयोग गरेर निर्माण गरिएको क्रान्ति नायक राईको पूर्णकदको शालिकसहितको स्मृति पार्क सञ्चालनमा आएको तीन वर्ष नपुग्दै अलपत्र बन्नुमा सम्बन्धित निकायको बेवास्ता देखिएको छ ।

क्रान्ति नायक राईको शालिकसहितको स्मृति पार्क संरक्षण गर्न लगाइएको घेराबार, सजावटका लागि जडान गरिएको बिजुली बत्ती, शालिक वरपर ठड्याइएको फलामे रेलिङ, बगैँचामा लगाउनेगरी पानी जम्मा गर्न राखिएको हिलटेकलगायत भौतिक संरचना भत्काइएको पाइएको छ । पार्कभित्र फोहरका डङ्गुर थुप्रिनुका साथै सिरु (एक प्रकारका घाँस), झारपातलगायत पलाएर कुरूप बनेको छ । खोटेहाङ गाउँपालिका–७ खोटाङबजारका स्थानीयवासी एवं नेपाल कम्युनिष्ट पार्टी (एमाले)का केन्द्रीय सदस्य तथा पूर्वसांसद विशाल भट्टराईको घर अगाडि स्थापना गरिएको क्रान्ति नायक राईको शालिकसहितको पार्क संरक्षणमा कसैको ध्यान नपुग्दा सामाजिक सञ्जाल फेसबुकमार्फत आलोचना सुरु भएको छ । इलाका प्रशासन र इलाका प्रहरी कार्यालय खोटाङबजार नजिकै स्थापना गरिएको क्रान्ति नायक राईको शालिकसहितको पार्क तोडफोडमा संलग्न दोषीको पहिचान तथा कारबाहीमा अहिलेसम्म कसैको ध्यान नजानु झनै शङ्का विषय बनेको छ ।

ऐतिहासिकस्थल टुँडीखेलमा स्थापना गरिएको पार्क संरक्षण तथा प्रवद्र्धनमा कसैले पनि अपनत्व नलिँदा अलपत्र परेको भगवती दीनानाथ माध्यमिक विद्यालयका विद्यालय व्यवस्थापन समिति अध्यक्ष अमर बस्नेतले बताउनुभयो ।

'क्रान्ति नायक रामप्रसाद राईको शालिकसहितको पार्क एमाले नेता विशाल भट्टराईको पहलमा स्थापना गरिएको हो । यसको संरक्षण तथा प्रवद्र्धनमा अहिले कसैले चासो दिएको छैन,' उहाँले भन्नुभयो, 'ऐतिहासिकस्थल टुँडीखेललाई पर्यटकीयस्थलका रूपमा विकास गर्ने लक्ष्य राखिएको थियो । अहिले बनेका संरचनासमेत भग्नावशेषमा परिणत हुनु दुःखको विषय हो । यसमा सम्बन्धित निकायले ध्यान दिन जरुरी छ ।'

खोटेहाङ गाउँपालिकाका तत्कालीन गाउँपालिका प्रमुख प्रदीप राई र उपप्रमुख कविता राईको पालामा गाउँपालिकाले आर्थिक वर्ष ०७७÷०७८ मा डिपिआर (विस्तृत परियोजना प्रतिवेदन) तयार पारेर क्रान्ति नायक राईको स्मृति पार्क निर्माणको काम अघि बढाएको थियो । पर्खाल, प्रतीक्षालय लगायतका भौतिक संरचनाहरू त्यसअघि नै निर्माण गरिएको टुँडीखेलमा क्रान्ति नायक राईको शालिकसहितको स्मृति पार्कले पूर्णता पाएको थिएन ।

खोटाङको पुरानो सदरमुकाम (विसं २०२०सम्म जिल्लाका सम्पूर्ण प्रशासनिक कार्यालय रहेको) खोटाङबजारका स्थानीय युवाले फुटबल खेल्न प्रयोग गर्दै आएका टुँडीखेलमा रामप्रसाद राई पार्क स्थापना गरेपछि आन्तरिक तथा बाह्य पर्यटक आकर्षित भएका थिए । तत्कालीन जनप्रतिनिधिले निर्माणको काम सुरु गरेको क्रान्ति नायक राईको शालिकसहितको स्मृति पार्क वर्तमान गाउँपालिका प्रमुख उदिमबहादुर राई 'मुक्ति' र उपप्रमुख रूपेश राईले निर्माणको कामलाई पूर्णता दिएर सञ्चालनमा ल्याउनुभएको हो ।

ब्रिटिस आर्मी (बेलायती सेना)को जागिर छाडेर नेपाली सेनामा भर्ती भएपछि तत्कालीन राणा सरकारले क्रान्ति नायक राईको कमाण्ड (नेतृत्व)मा खोटाङबजारमै सेना खटाएको थियो । स्थानीय पूर्खाहरू (बुढापाका)का अनुसार क्रान्ति नायक राईले आफू कमाण्डर भएको समय अर्थात् विसं २००५ तिर टुडीखेलमा समी, लाकुरी, सिमल र भगवती माविको प्राङ्गणमा करवीर फूलको बिरुवा रोप्नुभएको हो ।

क्रान्ति नायक राईले सिराहाबाट समीको बिरुवा ल्याएर टुँडीखेलको दक्षिणी किनारामा रोप्नुभएको स्थानीय पुर्खाले बताउँदै आएका छन् । क्रान्ति नायक राई राणाविरोधी सशस्त्र सङ्घर्षमा पूर्वी नेपालमा जनमुक्ति सेनाका सर्वोच्च कमान्डर रहनुभएको थियो ।

विसं २००७ मा क्रान्ति नायक राईकै कमान्डमा भोजपुर अड्डा कब्जा भएको इतिहासमा उल्लेख छ । नेपाल सरकारले विसं २०७५ पुस १५ क्रान्ति नायक राईको तस्वीर अङ्कित हुलाक टिकट प्रकाशन गरिसकेको छ ।

जवानबाट बढुवा हुँदै लेफ्टिनेन्ट बन्नुभएका राईले खोटाङबजारमै रहेको समयमा राणा सरकारबाट निष्कासित भएपछि घर (भोजपुर) फर्किएर राणा विरोधी गतिविधि सुरु गर्नुभएको थियो । खोटाङबजार छाड्नुअघि क्रान्ति नायक राई 'वर्ष दिनभित्र देशमा उथलपुथल हुन्छ' भन्दै भोजपुरतर्फ हिँडेको स्थानीय बासिन्दाले बताउँदै आएका छन् ।

क्रान्ति नायक राई छिमेकी जिल्ला भोजपुरको रामप्रसाद राई गाउँपालिका–७ बासिखोरामा बाबु धोजवीर राई र आमा रत्नमायाँ राईको कोखबाट विसं १९६५ फागुन १८ गते जन्मनुभएको थियो । प्रजातन्त्र स्थापनापछि विसं २००८ अन्तरिम प्रधानमन्त्री मोहनशमशेर राणाको निर्देशनमा पक्राउ पर्नुभएका क्रान्ति नायक राई हालसम्म बेपत्ता हुनुहुन्छ ।

जनस्वास्थ्यमा सुधार ल्याउन सरकार प्रतिबद्ध छः स्वास्थ्यमन्त्री

काठमाडौँ ।
स्वास्थ्य तथा खाद्य स्वच्छतामन्त्री निशा मेहताले खाद्यजन्य रोग गम्भीर जनस्वास्थ्य चुनौतीका रूपमा रहेकाले त्यसको सामनाका लागि जनस्वास्थ्यमा आवश्यक सुधार गर्न सरकार प्रतिबद्ध रहेको बताएकी छिन् । विश्व खाद्य स्वच्छता दिवसको अवसरमा आज शुभकामना सन्देश जारी गर्दै उनले खानपानको सुनिश्चितामार्फत जनस्वास्थ्य सुधार ल्याउन सरकार सदैव प्रतिबद्ध रहेको बताएकी छिन् । उनले सरकारले खाद्य स्वच्छतालाई सुदृढ बनाउन खाद्य स्वच्छता तथा गुणस्तर ऐन, २०८१ को प्रभावकारी कार्यन्वयनलाई उच्च प्राथमिकता राखिएको बताइन् ।
यसका साथै खाद्य परीक्षण प्रयोगशालाको सबलीकरण, जोखिममा आधारित बजार अनुगमन र नीतिगत सुधारका कार्यलाई तीव्रता दिइने शुभकामना उल्लेख गरिएको छ । खाद्यपदार्थको उत्पादनदेखि उपभोगसम्मको सबै प्रक्रियामा स्वच्छता कामय राख्नु सरकारको जिम्मेवारी रहेको उल्लेख गर्दै मन्त्री मेहताले यसका लागि असल कृषि अभ्यास, असल उत्पादन अभ्यास र उचित भण्डारण जस्ता विधिहरू अवलम्बन गर्न जरुरी रहेको बताएकी छिन् ।
उनले असल अभ्यासले बजारमा गुणस्तरीय खाद्यपदार्थको उपलब्धता सुनिश्चित गर्नुका साथै अस्वस्थ्यकर खानपानबाट हुने मानवीय क्षति र आर्थिक भारलाई कम गर्ने उल्लेख गरिन् । मन्त्री मेहताले यस दिवसले खाद्य शृङ्खलामा आबद्ध उत्पादक, व्यवसायी तथा उपभोक्तालगायत सबै सरोकारवालाई स्वच्छ खानपानको महत्त्व आत्मसात गर्न र आआफ्नो भूमिकाप्रति थप जिम्मेवार बन्न प्रेरणा मिलोस् भन्ने कामनासमेत गरेकी छिन् ।
आईतबार नेपालसहित विश्वभर 'सबैतिर स्वच्छ खानपान, खाद्यजन्य समस्याको पहिचान' भन्ने मूल नाराका साथ दिवस मनाइँदै छ । विश्व स्वास्थ्य सङ्गठनको प्रतिवेदनअनुसार प्रत्येक वर्ष ६० करोड मानिसले दूषित खानाका कारण बिरामी पर्ने र चार लाख २० हजार मानिसले अकालमा ज्यान गुमाउनुपर्ने अवस्था रहेको छ । रासस

विकास, सम्मृद्धि र सुशासनको पक्षमा निरन्तर काम गर्छौंः कविन्द्र बुर्लाकोटी

गोरखा ।
राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का महामन्त्री एवं पार्टीका संसदीय दलका मुख्य सचेतक कविन्द्र बुर्लाकोटीले विकास, सम्मृद्धि र सुशासनको पक्षमा सरकारले निरन्तर काम गर्ने बताएका छन् ।
रास्वपा गोरखाको प्रथम जिल्ला अधिवेशनको आइतबार उद्घाटन गर्दै बुर्लाकोटीले विकास निर्माणका सवालमा सबै राजनीतिक दलसँग सहकार्य गरेर अघि बढ्ने स्पष्ट पारे ।
'रास्वपालाई जनताले दिएको मत अरु पार्टीसँग पङ्गा खेल्न होइन', महामन्त्री बुर्लाकोटीले भने, 'सबै मिलेर काम ग¥यौं भने मात्र राम्रो नतिजा ल्याउन सकिन्छ ।' उनले गोरखकाली रवर उद्योगलाई पुनः सञ्चालनमा ल्याउन पहल भइरहेको र त्यसका लागि अर्थ मन्त्रालयसँग आफूले पटक–पटक छलफल गरेको बताए । 'गोरखकाली रवर उद्योगमा निजी क्षेत्रले लगानी गरेर अघि बढ्न सक्ने सम्भावना प्रवल छ', उनले भने,'सरकारले चलाए पनि, सरकार र निजी क्षेत्र मिलेर चलाए पनि, उद्योग चल्नुपर्छ, सबै गाडीमा गोरखकाली रवर उद्योगको टायर हालेर गाडी गुडेको देख्न पाउनुपर्छ ।'
त्यस्तै बूढीगण्डकी जलविद्युत् आयोजना निर्माण गर्न आगामी आर्थिक वर्षका लागि केही बजेट विनियोजन भएको र आयोजनालाई अधिकार सम्पन्न प्राधिकरण गठन गरेर ठोस निर्णय गरी निर्माण अघि बढाउने महामन्त्री बुर्लाकोटीले बताए । राजनीति ठिक भएमात्र सबै क्षेत्र राम्रो हुने भन्दै त्यसका लागि सुधार गर्ने प्रयास सरकारले गरिरहेको उनको भनाइ छ ।
महामन्त्री बुर्लाकोटीले बाहिरबाट आउने 'रेमिट्यान्स' ले मात्र देशले आर्थिक समृद्धि हासिल हुन नसक्ने भएकाले देशभित्र उद्योग धन्दा खोल्नुपर्छ भन्नेमा सरकार स्पष्ट रहेको उल्लेख गरे । आगामी आर्थिक वर्षका लागि सरकारले ल्याएको बजेट विकास, निर्माण र आर्थिक सम्बृद्धि हासिल गर्नेतर्फ केन्द्रित रहेको उनको भनाइ छ । रासस

सीमा विवाद कूटनीतिक माध्यमबाट समाधान गर्न नेपाल प्रतिबद्ध छः परराष्ट्रमन्त्री

काठमाडौँ ।
परराष्ट्रमन्त्री शिशिर खनालले कूटनीतिक माध्यमबाट सीमा विवाद समाधान गर्न नेपाल प्रतिबद्ध रहेको बताएका छन् । भारत भ्रमणमा रहेका मन्त्री खनालले आइतबार नयाँ दिल्लीस्थित नेपाली दूतावासमा आयोजित पत्रकार सम्मेलनमा नेपाल–भारतबीचका सीमासम्बन्धी समस्या वार्ता र कूटनीतिक माध्यमबाट समाधान गर्न नेपाल तयार रहेको बताएका हुन् ।
एक प्रश्नको जवाफमा परराष्ट्रमन्त्रीले लिपुलेक, लिम्पियाधुरा र कालापानी नेपाली भूमि भएका दोहोर्याउँदै यस सम्बन्धमा नेपालले भारत र चीनसमक्ष आफ्नो आधिकारिक धारणा स्पष्ट गरिसकेको जानकारी दिए ।
नेपाल–भारतको वर्तमान सीमा सन् १८१६ को सन्धिबाट निर्धारित भएको हो । यी विषयहरू द्विपक्षीय वार्ता र कूटनीतिक संयन्त्रमार्फत समाधान गरिनेछन् । हामी सीमा विवाद कूटनीतिक प्रक्रियाबाटै समाधान गर्न चाहन्छौं, उनले भने ।
दुई देशका प्रधानमन्त्रीको सहमतिमा गठित समूहले तयार गरेको नेपाल–भारत प्रबुद्ध व्यक्ति समूह (इपिजी) प्रतिवेदन उनीहरूलाई नै बुझाउनुपर्ने बताए । अर्को प्रश्नको जवाफमा नेपालले आफ्ना दुवै छिमेकीसँग सहकार्य गर्ने मन्त्री खनालले बताए । उनले मुलुकका परराष्ट्र नीतिका प्राथमिकता, नेपाल–भारत सम्बन्ध, तथा अन्तरराष्ट्रिय समुदायसँग नेपालको संलग्नताबारे पनि स्पष्ट गरे । यसैबीच, राजदूतावासले सञ्चारकर्मीको सहभागिताप्रति आभार व्यक्त गर्दै नेपाल र भारतबीचको आपसी समझदारी तथा सहकार्यलाई अझ सुदृढ बनाउन आगामी दिनमा पनि निरन्तर संवाद र सहकार्यको अपेक्षा गरेको बताएको छ । रासस

इभीका लागि देशभर १० हजार चार्जिङ स्टेसन निर्माण गर्न सुझाव

काठमाडौँ ।
पूर्वाधार विकास मन्त्रालयले गरेको एक अध्ययनअनुसार देशभर विद्युतीय सवारीसाधन (इभी) को थप प्रवद्र्धनका लागि मुलुकभर कम्तीमा १० हजार चार्जिङ स्टेसन निर्माण गर्नुपर्ने देखिएको छ ।
मन्त्रालयले गरेको 'नेपालमा इभी प्रवद्र्धनका लागि अवसर, चुनौती र सम्भावना' सम्बन्धी अध्ययन प्रतिवेदनले मुलुकभर १० हजार चार्जिङ स्टेसन निर्माण गर्नुपर्ने जनाएको हो ।
सन् २०३० सम्म उक्त सङ्ख्यामा चार्जिङ स्टेसन निर्माण गर्न सकिएमामा विद्युतीय सवारीसाधनको प्रवद्र्धन उल्लेख्य रूपमा हुने प्रतिवेदनमा उल्लेख गरिएको छ । हाल देशभर कुल एक हजार चार्जिङ स्टेसन सञ्चालनमा छन् । अधिकांश स्टेसन विद्युतीय सवारीसाधनका आधिकारीक बिक्रेताले सञ्चालन गर्दै आएका छन् । विशाल ग्रुप, पारामाउन्ट मोटर्स, भिजी अटोमोबाइलगायतले २५०, १६० एमएडब्ल्यू बृद्धिले, ७० साइमेक्स इङ्कले, दिगो प्रालिले १२० वटा शशीला मोटर्सले, १७ वटा त्रिवेणी ग्रुपलगायतले चार्जिङ स्टेसन निर्माण गरी सञ्चालन गरिरहेका छन् । अधिकांश स्टेसन काठमाडौँ, पोखरा, भरतपुरलगायत मुख्य सहर क्षेत्रमा केन्द्रित छन् ।
साबिक भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयले एक कार्यदल बनाएर विद्युतीय सवारीसाधनको प्रवद्र्धनका लागि गर्नुपर्ने तयारीका बारेमा प्रतिवेदन बुझाएको थियो । सो मन्त्रालयका सहसचिव कृष्णराज पन्थ संयोजक रहेको कार्यदलले तयार पारेको प्रतिवेदनअनुसार चार्जिङ पूर्वाधार, ब्याट्रीको लागत, सडक पूर्वाधार, ब्याट्रीको पुनः उपयोग तथा डिस्पोजललाई चुनौतीका रूपमा दर्शाएको छ ।
त्यस्तै, दक्ष जनशक्ति र अन्तरराष्ट्रिय अनुभव, निजी क्षेत्रको सीमित सहभागिता, सीप विकासको अभाव, सवारीसाधनका पार्टसको आयातमा रहेको निर्भरतालाई चुनौतीका रूपमा देखाएका छन् । उच्च सुरुआती लागत र न्यून पुनः बिक्री मूल्य, सवारीसाधनको गुणस्तर, योग्य चालकको अभाव, ठूला सवारी तथा मालवाहक सवारीका रूपमा विद्युतीय सवारीको प्रयोग हुन नसक्नुलाई चुनौतीका रूपमा लिइएको छ ।
विद्युतीय यातायातमैत्री भौतिक पूर्वाधारमा लगानी, निजी लगानी प्रोत्साहन, चार्जिङ स्टेसनहरू र ब्याट्री स्वापिङ (विद्युतीय सवारीसाधन चार्ज गर्ने आधुनिक र तीव्र प्रविधि) नीति, ब्याट्रीको जीवन र व्यवस्थापनको चुनौती, प्रविधिको अनुसन्धान र विकास, मापदण्ड तर्जुमा नहुनुलाई पनि चुनौतीका रूपमा लिइएको छ ।
पूर्वाधार विकास मन्त्रालयले गरेको 'नेपालमा इभी प्रवद्र्धनका लागि अवसर, चुनौती र सम्भावनाको अध्ययन प्रतिवेदन' अनुसार राजमार्ग, ग्रामीण क्षेत्र र गाउँमा चार्जिङ अपर्याप्त रहेकाले विद्युतीय सवारीलाई सार्वजनिक साधनका रूपमा प्रयोगमा ल्याउन तथा लामो दूरी यात्रामा व्यवस्थापन गर्न समस्या हुने गरेको छ ।
जलविद्युत्को आन्तरिक खपत वृद्धि गर्ने उद्देश्यका साथ सरकारले विद्युतीय सवारीसाधनको प्रवद्र्धन गर्ने नीति लिएको छ । आगामी आर्थिक वर्षको बजेटमा पनि सरकारले विद्युतीय सवारीसाधनको प्रवद्र्धन गर्ने लक्ष्य राखेको छ । मुद्रा सटहीमा बचत हुने भएकाले यसलाई विद्युत् प्राधिकरणले १४२ किलोवाट क्षमताका ६२ वटा द्रुत गतिका चार्जर सञ्चालन गरिरहेको छ ।
प्राधिकरणले चालु आवमा सात प्रमुख ठाउँमा पूर्वाधार विस्तारका लागि एक करोडभन्दा बढी बजेट विनियोजन गरेको थियो । देशभर करिब एक लाख किलोमिटर सडक सञ्जाल पुगेको छ । विद्युतीय सवारीको चार्जिङ स्टेसनमार्फत अधिकतम उपयोग गरी आन्तरिक खपत वृद्धि गर्ने, स्वदेशी ऊर्जाको माध्यमबाट विश्वव्यापी रूपमा इन्धनको मूल्यमा हुने अस्थिरता र आपूर्ति अवरोधबाट मुलुकलाई जोगाउन पनि विद्युतीय सवारीसाधनको प्रवद्र्धन गर्ने नीति लिइएको हो ।
ऊर्जा जलस्रोत तथा सिँचाइमन्त्री विराजभक्त श्रेष्ठले विद्युतीय सवारीसाधनको प्रवद्र्धनका लागि मन्त्रालयले योजनाबद्ध प्रयास गरिरहेको जानकारी दिए । मन्त्रालयले तयार पारेको 'ऊर्जा खपत वृद्धि तथा निर्यात रणनीति, २०८३' मा देशभर चार्जिङ स्टेसनको सञ्जाल विस्तार गर्ने उल्लेख छ । सो कार्य आर्थिक वर्ष २०८५÷८६ सम्म सम्पन्न गर्ने लक्ष्य राखिएको छ । पेट्रोलपम्पमा चार्जिङ स्टेसन र सार्वजनिक रूपमा विद्युतीय सवारीसाधनलाई प्राथमिकता दिने लक्ष्य निर्धारण गरेको छ । सो कार्यका लागि ऊर्जा मन्त्रालयले जिम्मेवार निकायका रूपमा प्राधिकरणलाई तोकेको छ । प्रमुख सहरहरूमा विद्युतीय बस र ट्रली बस सञ्चालन गरी आन्तरिक विद्युत् खपत क्षमता विकास गर्ने ऊर्जाको लक्ष्य छ ।
दिगो लक्ष्यअनुसार सन् २०३० सम्म ९० प्रतिशत निजी विद्युतीय सवारीसाधन र सन् २०४५ सम्म 'नेट शून्य कार्बन' उत्सर्जनको नेपालको लक्ष्य प्राप्ति गर्न विद्युतीय सवारीको महत्वपूर्ण भूमिका रहने देखिन्छ । अवसरका रूपमा चित्रण गर्दै अध्ययन प्रतिवेदनले कम सञ्चालन लागत र रोजगारी सिर्जना, वायु प्रदूषणमा कमी आउने, सार्वजनिक यातायातको आधुनिकीकरण र सडक दुर्घटनामा कमी आउने, सहरी यातायात दक्षता र पर्यटकीय आकर्षण बढ्ने उल्लेख छ । रासस

पूर्वगृहमन्त्री गुरुङले प्रतिपक्षलाई भनेः 'विरोधका लागि विरोध गरेर मात्र हुँदैन'

गोरखा ।
पूर्वगृहमन्त्री एवं राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) नेता सुधन गुरुङले राजनीतिमा प्रतिपक्ष दलहरूले विरोधमात्र गर्ने प्रवृत्तिको अन्त्य हुनुपर्ने बताएका छन् । राष्ट्रिय स्वतन्त्र पार्टी गोरखाको प्रथम जिल्ला अधिवेशनको उद्घाटन कार्यक्रमलाई आइतबार सम्बोधन गर्दै उनले राम्रो कामलाई प्रतिपक्षले पनि सहयोग गरेर अघि बढ्नुपर्ने बताए । पूर्वगृहमन्त्री गुरुङले देश बनाउन सबै मिलेर अघि बढनुपर्ने भन्दै रास्वपा देश बनाउन आएको पार्टी भएको उल्लेख गरे ।
राम्रो कुरालाई सबै दलले साथ दिनुप¥यो, उनले भने, विरोधका लागि विरोध गरेर मात्र हुँदैन । गोरखा क्षेत्र नं १ का प्रतिनिधि सभाका सांसद्समेत रहेका उनले निर्वाचनमा आफूले गरेको बाचापत्र पूरा गरेरै छाड्ने प्रतिबद्धता व्यक्त गरे । मैले गरेको बाचा पहिला थियो, अहिले पनि छ भोलि पनि रहिरहनेछ, उनले भने, गोरखाले मलाई जिताएको फोटो खिच्न होइन, काम गर्न हो भन्ने बुझेको छु । पूर्वगृहमन्त्री गुरुङले निर्वाचन क्षेत्रका जनताको समस्यालाई समाधानका लागि छिट्टै सचिवालय स्थापना गरेर काम गर्ने उनको छ ।
जिल्लामा बजेट नपरेको गुनासो आफूलाई पटकपटक आएको भन्दै उनले आफ्नो थाल कति छ भनेर हेर्दा अरुको थालको घट्यो कि घटेन भनेर पनि हेर्नुपर्ने बताए । रासस

रास्वपालाई असफल हुने छुट छैन

तनहुँ ।
राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) केन्द्रीय ऊर्जा विभाग प्रमुख एवं तनहुँ क्षेत्र नम्बर २ का सांसद श्रीराम न्यौपानेले रास्वपालाई असफल हुने छुट नरहेको बताएका छन् । रास्वपा तनहुँ जिल्ला समितिको आज आयोजित प्रथम अधिवेशनलाई सम्बोधन गर्दै उनले देशको ठूलो शक्ति रास्वपामाथि जनताको आशा र भरोसा रहेकाले यो पार्टीलाई असफल हुने छुट नरहेको उल्लेख गरे ।
न्यौपानेले विगतका सरकार आफ्नै झगडाबाट अपदस्थ भएको चर्चा गर्नुहुँदै करिब दुई तिहाइ नजिक रहेको वर्तमान सरकारलाई अन्य शक्तिबाट आफ्नैबाट खतरा रहेको बताए । उनले भने, "बाहिरको सङ्ख्या अत्यन्तै न्यून छ, रास्वपाको सङ्ख्या बढ्दो छ । अन्य पार्टीबाट रास्वपामा आएकाले विगतको स्कुलिङ त्याग्नुपर्छ । राणातन्त्र, राजतन्त्रको अन्त्य पनि आफ्नैभित्रको कारणले भएको हो । पुराना दल पनि चकनाचुर भएका आफ्नै पार्टीभित्रको द्वन्द्वले हो ।"
देश परिवर्तन गर्ने सङ्कल्प बोकेर जन्मिएको रास्वपालाई बलियो शक्तिका रूपमा विकास गर्दै अगाडि बढ्नुपर्ने अहिलेको आवश्यकता रहेको बताउँदै उनले पार्टीभित्र सहमति र सहकार्यलाई सधैँ निरन्तरता दिनुपर्ने चर्चा गरे ।
सांसद न्यौपानेले जुन आशा, भरोसाका कारण रास्वपालाई करिब ५२ लाख मत प्राप्त भएको छ विगतबाट पाठ सिकेर अगाडि बढ्दै जनताको भरोसालाई गन्तव्यसम्म पु-याउनुपर्ने बताए ।
रास्वपा गण्डकी प्रदेशका प्रवक्ता शङ्कर पन्तले पार्टीमा को पहिला आयो, को पछि आयो भन्ने कुरा ठूलो नभएको बताउँदै सङ्गठनलाई बलियो बनाउनु अहिलेको प्रमुख माग रहेको बताए ।
कार्यक्रममा रास्वपा तनहुँका संस्थापक सभापति विकास सिग्देल, क्षेत्र नम्बर २ का संयोजक सुन्दर बस्याल, १ का सचिव शशी रूपाखेती, व्यास नगर सभापति चुडामणि दाहाल, शुक्लागण्डकी नगर सभापति हरिबहादुर खड्कालगायतले पार्टीभित्र एकता र सहकार्यको आवश्यकता औंल्याए । रासस

इजरायली सेनाको गोलीबारीमा

७ महिनाका बालकको मृत्यु, आमाबुबा घाइते

हेब्रोन ।
इजरायलको सैन्य नियन्त्रणमा रहेको प्यालेस्टिनी भूभाग पश्चिमी किनाराको हेब्रोन क्षेत्र नजिक इजरायली सेनाले एक सवारीसाधनमाथि गोली चलाउँदा ७ महिनाका एक प्यालेस्टिनी शिशुको मृत्यु भएको छ भने उनका आमाबुबा घाइते भएका छन् । घटनाबारे प्यालेस्टिनी स्वास्थ्य मन्त्रालयले जानकारी दिएको हो ।
मन्त्रालयका अनुसार शिशुको अनुहारमा गोली लागेका कारण घटनास्थलमै मृत्यु भएको थियो । घाइते भएका उनका पिता र आमाको उपचार भइरहेको छ । आमाको अवस्था गम्भीर रहेको बताइएको छ । इजरायली सेनाले भने आफ्ना सैनिकहरूले आफूहरूतर्फ तीव्र गतिमा आइरहेको जस्तो देखिएको एक सवारीसाधनलाई लक्षित गरी गोली चलाएको जनाएको छ । सेनाको प्रारम्भिक अनुसन्धानले घाइते भएका तीनै जना सर्वसाधारण रहेको र उनीहरूको कुनै संलग्नता नरहेको देखाएको बताइएको छ ।
शिशुका पिता, जो एक विश्वविद्यालयका प्राध्यापक समेत हुन्, उनका अनुसार परिवारका सदस्यहरू सवारीसाधनमा यात्रा गरिरहेका बेला अचानक गोलीबारी भएको थियो । एउटा गोली अगाडिको सिसा छेड्दै उनको हातमा लागेर पछाडिको सिटमा रहेका शिशुसम्म पुगेको थियो । सोही क्रममा शिशुको अनुहारमा गम्भीर चोट लागेको थियो । घटनामा शिशुकी आमालाई पनि चोट लागेको छ । चिकित्सकहरूका अनुसार उनको मुटुनजिक छर्रा अड्किएको छ र अवस्था चिन्ताजनक रहेको छ ।
परिवारका सदस्यहरूका अनुसार उनीहरू सैन्य जाँचचौकी नजिक पुग्दा टाढाबाट सैनिक र सैन्य सवारीसाधन देखेपछि गाडी रोकेका थिए । सुरुमा सुनिएको गोलीको आवाज चेतावनीका लागि चलाइएको हो भन्ने लागेको भए पनि केही क्षणमै गम्भीर दुर्घटना भएको उनीहरूको भनाइ छ । शिशुको मृत्युले स्थानीय समुदायमा शोक छाएको छ । अन्त्येष्टिका क्रममा उनको शवलाई प्यालेस्टिनी झन्डाले बेरिएको थियो । परिवारले घटनाको निष्पक्ष छानबिन र न्यायको माग गरेको छ ।
सन् २०२३ अक्टोबरमा गाजामा युद्ध सुरु भएयता पश्चिमी किनारामा इजरायली सैन्य कारबाही तथा प्यालेस्टिनीहरूविरुद्ध हुने हिंसात्मक घटनामा उल्लेख्य वृद्धि भएको विभिन्न मानवअधिकार संस्थाहरूले जनाउँदै आएका छन् । रासस

तरकारीखेतीबाट बराहक्षेत्रका किसान आत्मनिर्भर

सुनसरी ।
सुनसरीको बराहक्षेत्र नगरपालिका क्षेत्रमा व्यावसायिक तरकारीखेतीप्रति किसानको आकर्षण बढ्दै गएको छ । एक समय बाँझै रहने बारी अहिले हराभरा तरकारीबारीमा परिणत भएका छन् भने किसान आफ्नै गाउँमा बसेर मनग्य आम्दानी गर्दै आत्मनिर्भरतातर्फ उन्मुख भएका छन् । बिहान घाम नउदाउँदै किसान काँक्रो, गोलभेँडा, बोडी, घिरौँला, कोभीलगायत तरकारी टिप्न बारीमा पुगिसकेका हुन्छन् । उत्पादन भएका तरकारी धरान, इटहरी, इनरुवा, बराहक्षेत्र तथा आसपासका बजारमा बिक्री हुने गरेको छ ।
बराहक्षेत्र नगरपालिका–७ का दिनेश राजवंशी विगत ६ वर्षदेखि करिब दुई बिघा जमिनमा व्यावसायिक तरकारीखेती गर्दै आएका छन् । तीन वर्ष विदेश बसेर फर्किएका उनले अहिले आफ्नै गाउँमा बसेर तरकारीखेतीबाट पर्याप्त आम्दानी गरिरहेका छन् । विदेशमा निकै दुःख गरेर कमाएको पैसाले घरखर्च धान्नै कठिन हुन्थ्यो, अहिले परिवार सबै मिलेर साथमा तरकारीखेती गरिरहेका छौँ । मिहिनेत गर्न सके आफ्नै देशको माटोमा पनि राम्रो आम्दानी गर्न सकिँदोरहेछ, उनले भने । तरकारी बिक्रीबाट घरखर्च सहज रूपमा चलिरहेको छ भने मासिक ७० हजारभन्दा बढी बचत गर्न सफल भएको राजवंशी बताउँछन् ।
सोही ठाउँका नितु राजवंशी र रमेश राजवंशी दम्पतीले तीन बिघा जमिनमा व्यावसायिक तरकारीखेती गरिरहेका छन् । उनीहरूले काँक्रो, बोडी, घिरौँला, कोभी, गोलभेँडालगायत मौसमी तरकारी उत्पादन गर्दै आएका छन् ।
नितु राजवंशीका अनुसार विगतमा मकै र कोदोखेतीबाट परिवारको खाद्यान्न आवश्यकता मात्र पूरा हुन्थ्यो । तरकारीखेती सुरु गरेपछि भने यहाँबाट राम्रै आम्दानी हुने गरेको उनले बताए ।
पहिले बारी बाँझो थियो, अहिले तरकारीखेतीले धेरै राम्रो भएको छ । मौसमले साथ दिएमा र सिँचाइ तथा मल व्यवस्थापन राम्रो भए वार्षिक सात लाखदेखि आठ लाखसम्मको तरकारी मज्जाले बिक्री गर्न सकिन्छ, राजवंशी दम्पती भन्छन् । त्यसैगरी, बराहक्षेत्र नगरपालिका–८ तीनकुनेका युक्ति चौधरीले चार बिघा जमिनमा मौसमी तरकारीखेती गर्दै आएका छन् । छ वर्षअघि एक कट्ठा जमिनबाट सुरु गरिएको खेती अहिले विस्तार भएर वार्षिक १० लाखभन्दा बढी आम्दानीको स्रोत बनेको छ ।
'रीतिका कृषि फार्म' सञ्चालन गर्दै आएका चौधरीले परिवारको साथ र निरन्तर मिहिनेतले व्यवसाय विस्तार गर्न सफल भएको बताए । काम गर्न सकुन्जेल खेतीलाई निरन्तरता दिन्छु । परिवारको साथ छ, मिहिनेत गर्नसके कृषि क्षेत्रमै राम्रो सम्भावना रहेछ, उनले भने । चौधरीले पालेका गाईगोरु र बाख्राबाट प्राप्त गोबरलाई जैविक मलका रूपमा प्रयोग गर्दै आएका छन् । यसले उत्पादनलाई स्वस्थ र गुणस्तरीय बनाउन मद्दत पुगेको उनको भनाइ छ । तरकारी बिक्रीका लागि बजारको समस्या छैन । व्यापारीहरू आफैँ फार्ममा पुगेर तरकारी खरिद गरेर लाने गरेको उनले बताए ।
हामी बजार मूल्यभन्दा प्रतिकिलो करिब १० कममा तरकारी दिन्छौँ, व्यापारीहरू फार्ममै आउने भएकाले बजारको झन्झट हुँदैन, उनले भने । सुनसरी कृषि ज्ञान केन्द्रका सूचना अधिकारी प्रवीनलाल श्रेष्ठले बराहक्षेत्रसहित जिल्लाका विभिन्न ग्रामीण क्षेत्रमा तरकारीखेती प्रवद्र्धनका लागि विविध कार्यक्रम सञ्चालन भइरहेको बताए । उनका अनुसार केन्द्रले किसानलाई अनुदान, उन्नत बीउ, सिँचाइ उपकरण, माटो परीक्षण, मल तथा विषादी व्यवस्थापनसम्बन्धी तालिमलगायत प्राविधिक सहयोग उपलब्ध गराउँदै आएको छ । आधुनिक तरकारीखेतीले धेरै किसानलाई आत्मनिर्भर बनाउन सहयोग पुगेको छ । उनले भने,उत्पादन वृद्धि, बजार पहुँच र आम्दानी विस्तारमा सकारात्मक प्रभाव देखिएको छ ।
श्रेष्ठका अनुसार तरकारी भण्डारण, कीट प्रकोप, बजार व्यवस्थापन तथा मौसमजन्य समस्याको समाधानका लागि कृषि ज्ञान केन्द्रले निरन्तर परामर्श सेवा प्रदान गर्दै आएको छ । बराहक्षेत्रका किसानले उत्पादन गरेका तरकारी धरान कृषि उपज बजार, इटहरी, इनरुवा, बराहक्षेत्र तथा काराबन्जरलगायतका स्थानीय बजारमा बिक्री हुने गरेका छन् । किसानका अनुसार बिक्रीका लागि बजारको अभाव छैन । सरकारी अनुदान, विभिन्न सङ्घसंस्थाको सहयोग तथा डिजिटल मार्केटिङको बढ्दो प्रयोगले व्यावसायिक तरकारीखेतीलाई थप सहज बनाएको छ ।
तरकारीखेतीबाट राम्रो आम्दानी हुन थालेपछि बराहक्षेत्रका किसान विदेश पलायनभन्दा आफ्नै गाउँघरमा श्रम र सीप लगानी गर्न उत्साहित देखिएका छन् ।
यसले ग्रामीण क्षेत्रमा रोजगारी सृजना गर्नुका साथै आत्मनिर्भर अर्थतन्त्र निर्माणमा समेत टेवा पुर्याएको छ । अहिले बराहक्षेत्र नगरपालिकामा अधिकांश किसान बारीमा तरकारी उत्पादन गर्दै, स्थानीय हाटबजारमै बिक्री गरी राम्रो आम्दानी गरिरहेको बराहक्षेत्र नगरपालिकाका प्रमुख रमेश कार्कीले बताए ।
नगरपालिकाले बर्सेनि किसानलाई प्राविधिक तालिम, उन्नत बीउबिजन, मल, सिँचाइ सुविधा, प्लास्टिक टनेल निर्माणका लागि अनुदान र बजार व्यवस्थापनमा सहजीकरण गर्दै आएको उनले जानकारी दिए ।
अहिले गाउँमै रोजगारी सृजना हुने क्रम बढिरहेको छ । वैदेशिक रोजगारीमा गएका युवाहरू पनि कृषि पेसामै फर्कन थालेका छन् । स्वदेशमै बसेर आफ्नै माटोमै पसिना बगाएर राम्रै आम्दानी गर्न सकिन्छ भन्ने चेतना अहिले गाउँगाउँमा फैलिएको छ । अनियमित वर्षा, अत्यधिक गर्मी, असिना वर्षालगायत कारणले बाली नष्ट हुने, रोगकीरा बढ्ने र समग्र उत्पादन घट्नेजस्ता समस्याका कारण कहिलेकाहीँ किसान निरास हुनुपरेको छ । तर मौसम अनुकूल बालीको छनोट, प्लास्टिक टनेल, ड्रिप सिँचाइ प्रणालीलगायत प्रविधिको प्रयोग बढाउन सक्दा तरकारीखेतीबाट किसानले राम्रो आम्दानी गर्न सक्ने नगरप्रमुख कार्कीको भनाइ छ । रासस

इरान युद्धले तेल बजारमा 'ओपेक प्लस'को प्रभाव कमजोर

लन्डन ।
इरान युद्धका कारण तेल आपूर्ति अवरुद्ध भएपछि विश्व बजारमा मूल्य तीव्र रूपमा बढ्दै गएको अवस्थामा 'ओपेक प्लस' का मन्त्रीहरूले आइतबार हुने बैठकमा उत्पादन कोटा बढाउने विषयमा छलफल गर्ने भएका छन् । यस कदमको मुख्य उद्देश्य अन्तर्राष्ट्रिय बजारमा बढ्दो तेल मूल्यलाई नियन्त्रणमा ल्याउनु हो ।
विश्लेषकहरूका अनुसार ओपेक प्लसले दैनिक करिब १ लाख ८८ हजार ब्यारेलसम्म उत्पादन वृद्धि गर्ने निर्णय गर्न सक्ने सम्भावना छ, जुन पछिल्ला निर्णयहरूसँग मिल्दोजुल्दो हुनेछ । तर उत्पादन क्षमता सीमित भएकाले वास्तविक रूपमा केवल सात देशहरू—साउदी अरेबिया, रूस, इराक, कुवेत, काजाकिस्तान, अल्जेरिया र ओमानले मात्र आपूर्ति बढाउन सक्ने अवस्था रहेको बताइएको छ ।
इरानमाथि अमेरिका र इजरायलले गरेको आक्रमणपछि महत्वपूर्ण समुद्री मार्ग स्ट्रेट अफ होर्मुज बन्द जस्तै भएको छ, जसले विश्वको करिब २० प्रतिशत तेल तथा ग्यास आपूर्ति प्रभावित पारेको छ । यस अवरोधका कारण अन्तर्राष्ट्रिय बजारमा तेलको मूल्य झन्डै दोब्बर पुगेको छ र त्यसको असर विश्वभर मुद्रास्फीतिमा देखिन थालेको छ ।
विशेषज्ञहरूको भनाइमा ओपेक प्लसले उत्पादन बढाउने घोषणा गरे पनि त्यसको वास्तविक प्रभाव सीमित हुने सम्भावना छ । स्याक्सो बैंकका विश्लेषक ओले ह्यान्सनका अनुसार ओपेकसँग बजारमा ठूला र निर्णायक परिवर्तन ल्याउने विकल्पहरू अहिले धेरै बाँकी छैनन्, जसले गर्दा यसको नीतिगत प्रभाव पहिलेको तुलनामा कमजोर देखिएको छ । रासस

ओमानलाई आठ विकेटले हराउँदै नेपाल फाइनलमा

काठमाडौं ।
एसियन गेम्स पुरुष क्रिकेट छनोट प्रतियोगिताको पहिलो सेमिफाइनलमा नेपालले ओमानलाई आठ विकेटले पराजित गर्दै फाइनलमा स्थान बनाएको छ । आइतबार सिंगापुरस्थित नेसनल क्रिकेट मैदानमा सम्पन्न खेलमा नेपालले बलिङ र ब्याटिङ दुवै विभागमा उत्कृष्ट प्रदर्शन गर्दै सहज जित हासिल गरेको हो ।
टस जितेर पहिले ब्याटिङ रोजेको ओमान नेपाली बलरहरूको दबाबपूर्ण प्रदर्शनका कारण ठूलो स्कोर बनाउन असफल रह्यो । निर्धारित २० ओभरमा ओमानले नौ विकेट गुमाएर ९४ रन मात्र बनाउन सक्यो । ओमानका कप्तान सुफयान महमूदले सर्वाधिक ३८ रन बनाए । उनले टोलीलाई सम्मानजनक स्कोरतर्फ लैजाने प्रयास गरे पनि अन्य ब्याटरहरूले अपेक्षाअनुसार साथ दिन सकेनन् । जुबैर अल बालुशीले २२ रन तथा अब्दुल जलीलले १६ रन जोडे ।
नेपालका बलरहरूले सुरुदेखि नै ओमानमाथि दबाब कायम राखेका थिए । तीव्र गतिका बलर करण केसीले उत्कृष्ट बलिङ गर्दै चार ओभरमा एक मेडनसहित २० रन खर्चेर तीन विकेट लिए । लेग स्पिनर सन्दीप लामिछानेले चार ओभरमा १९ रन खर्चेर दुई विकेट हात पारे । सोमपाल कामीले पनि अनुशासित बलिङ गर्दै दुई विकेट लिए । त्यस्तै साहब आलम, कुशल मल्ल र दीपेन्द्रसिंह ऐरीले समान एक–एक विकेट लिएर ओमानको ब्याटिङ लाइनअपलाई नियन्त्रणमा राखे ।
९५ रनको सामान्य लक्ष्य पछ्याएको नेपालले आक्रामक सुरुआत गर्यो । ओपनर कुशल भूर्तेलले सुरुदेखि नै आक्रामक ब्याटिङ गर्दै ओमानका बलरमाथि दबाब सिर्जना गरे । उनले केवल आठ बलमा तीन चौका र एक छक्काको मद्दतले २० रन बनाए । यद्यपि नेपालले सुरुवाती चरणमै दुई विकेट गुमाएको थियो ।
त्यसपछि कप्तान रोहित पौडेल र लोकेश बमले संयमित तथा आक्रामक ब्याटिङको सन्तुलन मिलाउँदै टोलीलाई जिततर्फ डोर्याए । लोकेश बमले अविजित ४४ रन बनाउने क्रममा २६ बलमा सात चौका र एक छक्का प्रहार गरे । कप्तान रोहित पौडेलले २० बलमा दुई चौकासहित अविजित २१ रन बनाए । दुवैले तेस्रो विकेटका लागि महत्वपूर्ण साझेदारी गर्दै नेपाललाई कुनै थप क्षति हुन नदिई लक्ष्य पूरा गराए ।
नेपालले ९.२ ओभरमै दुई विकेट गुमाएर ९५ रन बनाउँदै लक्ष्य भेट्टायो । नेपालले ६४ बल बाँकी छँदै जित हासिल गरेको थियो, जसले टोलीको प्रभुत्वपूर्ण प्रदर्शनलाई झन् स्पष्ट बनाएको छ । यस जितसँगै नेपाल प्रतियोगिताको फाइनलमा प्रवेश गरेको छ । उपाधि नजिक पुगेको नेपाली टोलीले अब फाइनलमा विजेता बन्ने लक्ष्य सहित मैदान उत्रनेछ । रासस

लाङ्टाङ ट्रेल रन सम्पन्नः अस्ट्रियाकी अन्ना तेस्रो

रसुवा ।
लाङ्टाङ क्षेत्रको पर्यटन प्रवर्द्धन गर्दै अन्तरराष्ट्रिय पहिचान विस्तार गर्ने उद्देश्यले आयोजित दोस्रो संस्करणको लाङ्टाङ ट्रेल रन प्रतियोगिता सम्पन्न भएको छ । प्रतियोगिता लाङ्टाङको क्याञ्जिन गुम्बाबाट सुरु भई स्याफ्रुबेँसीमा आएर सम्पन्न भएको हो । रसुवा(नुवाकोट पर्यटन समाजको आयोजनामा भएको प्रतियोगितामा नेपालसहित विभिन्न देशका १०६ जना धावकहरूको सहभागिता थियो । महिला समूहतर्फ अस्ट्रियाकी धाविका अन्ना लेना फ्रुट्नर तेस्रो भएा छन् । उनले पाँच मिनेट नौ सेकेन्डमा स्याफ्रुबेँसी पुगी उपाधि हात पारेका हुन् ।

दोस्रो विजेता नेपालकी सुरक्षा तामाङ र प्रथम विजेतामा अन्जली गुरुङ यो । पुरुषतर्फ प्रथम मिलन कुलुङ, द्वितीय धिरबहादुर बुढा र तृतीय विशाल राई भएका छन् । ट्रेल रनमा सान्त्वनाअन्तर्गत दुवै समूहका पाँचरपाँच जनालाई पुरस्कार वितरण गरिएको आयोजक संस्थाले जनाएको छ । प्रतियोगिताको समापन समारोहमा आयोजक संस्थाका अध्यक्ष बलराम न्यौपानेले खेलकुदमार्फत हिमाली पर्यटनको प्रचारप्रसार गर्दै लाङ्टाङ क्षेत्रलाई विश्व बजारमा चिनाउने लक्ष्य रहेको बताए । उनले आगामी वर्षहरूमा प्रतियोगितालाई अझ व्यवस्थित र अन्तरराष्ट्रियस्तरको बनाउँदै लैजाने प्रतिबद्धता जनाए ।

बागमती प्रदेश सरकार, नेपाल पर्यटन बोर्ड तथा प्रदेश खेलकुद विकास परिषद्को सहयोगमा सम्पन्न प्रतियोगिताले लाङ्टाङ क्षेत्रको प्राकृतिक सौन्दर्य, संस्कृति र साहसिक पर्यटनको सम्भावनालाई राष्ट्रिय तथा अन्तरराष्ट्रियस्तरमा उजागर गर्न महत्वपूर्ण योगदान पुग्याएको आयोजकले उल्लेख गरेको छ ।

समापन कार्यक्रममा विजेता खेलाडीहरूलाई नगद, ट्रफी तथा प्रमाणपत्र प्रदान गरिएको थियो । सहभागी धावकहरूले लाङ्टाङ क्षेत्रको प्राकृतिक सौन्दर्य, हिमाली वातावरण तथा स्थानीय आतिथ्यताप्रति सकारात्मक प्रतिक्रिया दिएका आयोजकले जनाएको छ । रासस

पोखरी निर्माणपछि सिक्रेटारको १५ सय रोपनी सुक्खा क्षेत्रमा सिँचाइ

भोजपुर ।
पोखरी निर्माणपछि अरुण गाउँपालिका–७ सिक्रेटारको यहाँको सुक्खाग्रस्त क्षेत्रमा सिँचाइ सुविधा विस्तार भएको छ । पानीको अभावका कारण वर्षौंदेखि खेतीयोग्य जमिन बाँझै रहने समस्या समाधान गर्ने उद्देश्यसहित स्थानीय तहले पोखरी निर्माणको काम अघि बढाएको थियो । वडाध्यक्ष कुमार थापाले बर्सेनि खडेरीका कारण कृषि उत्पादनमा गिरावट आउन थालेपछि योजनाबद्ध सिँचाइ पोखरी निर्माण गरिएको बताए । हालसम्म यहाँ छ वटा पोखरी निर्माण गरिएका र त्यसबाट सिक्रेटार क्षेत्रका करिब एक हजार ५०० रोपनी जमिनमा प्रत्यक्ष तथा अप्रत्यक्ष रूपमा सिँचाइ सुविधा विस्तार भएको उनले जानकारी दिए ।

वडाध्यक्ष थापाले भने, “सुक्खा क्षेत्रमा पानीको दिगो व्यवस्थापन नगरी कृषि विकास सम्भव हुँदैन । त्यसैले मुहानसहितका ठूला पोखरी निर्माण गरेका छौं । यस कार्यले किसानलाई केही राहत भएको छ ।”

उनका अनुसार निर्माण गरिएका पोखरीलाई सिँचाइमा मात्र सीमित नराखी बहुउपयोगी बनाइएको छ । आगलागीजस्ता विपद्का समयमा पानीको स्रोतका रूपमा प्रयोग गर्न सकिने गरी संरचना तयार गरिएको छ । साथै, पोखरीबाट खेतबारीसम्म पानी पुर्‍याउन वडाले पाइप वितरण गर्दै आएको छ । यसले किसानलाई सिँचाइ पहुँचमा सहज बनाएको छ ।

पोखरी निर्माण अभियानलाई बहुआयामिक विकाससँग जोडेर अगाडि बढाइएको छ । पोखरी वरपरका क्षेत्र संरक्षण गर्दै वृक्षारोपण कार्यक्रम सञ्चालन गरिएको छ । भविष्यमा यी क्षेत्रलाई पर्यटकीय तथा मनोरञ्जन स्थलका रूपमा विकास गर्ने योजना छ, वडाध्यक्ष थापाले भने । वडासचिव अशोक अधिकारीले यहाँको मैदानेमा दुई, दुङ्गेमा एक, सिक्रेटारमा एक र बेलटारमा दुई वटा पोखरी निर्माण सम्पन्न भएको बताए । यसबाहेक थप दुई वटा पोखरी निर्माणाधीन अवस्थामा रहेका उनले जानकारी दिए ।

विशेषगरी हिउँदे बाली उत्पादनमा यसले प्रत्यक्ष प्रभाव पारेको छ । हाल यहाँका किसान बदाम, फलफूल तथा तरकारी, आलु, प्याज, टमाटरलगायत नगदेबालीतर्फ आकर्षित हुन थालेका छन् । स्थानीय प्रदीप थापाले पोखरी निर्माणसँगै गाउँको कृषि प्रणालीमा परिवर्तन आएको बताए । ‘पहिले पानीको अभावले धेरै जमिन बाँझो रहन्थ्यो’, उनले भने, ‘हाल वर्षभरि नै खेती गर्न सकिने अवस्था बनेको छ । तरकारीखेती गर्नसमेत सहज भएको छ ।’ यसका साथै, पोखरी निर्माणले भू–क्षय नियन्त्रण, वातावरण संरक्षण र जैविक विविधता जोगाउन पनि सहयोग पुग्ने स्थानीय अम्बर थापाको विश्वास छ । सिँचाइ पोखरीले पानीको समस्या समाधान मात्र नभई कृषकको आयआर्जन वृद्धि, वातावरण संरक्षण तथा सम्भावित पर्यटन विकासका लागि नयाँ आधार तयार पारेको उनले बताए । रासस

धनगढी उपमहानगरले दियो नौ सयबढी विद्यार्थीलाई छात्रवृत्ति

कैलाली ।
धनगढी उपमहानगरपालिकाले पछिल्लो तीन वर्षमा नौ सयभन्दा बढी विद्यार्थीलाई छात्रवृत्ति प्रदान गरेको छ । उपमहानगरपालिकाले कक्षा ११ र १२ मा अध्ययनरत तथा अध्ययन गर्न जाने विद्यार्थीहरूलाई लक्षित गर्दै सञ्चालन गरेको छात्रवृत्ति कार्यक्रममार्फत नौ सय १७ जनालाई छात्रवृत्ति प्रदान गरेको हो । उपमहानगरको शिक्षा, युवा तथा खेलकुद महाशाखाका अनुसार आर्थिक अवस्था कमजोर भएका तथा जेहेन्दार विद्यार्थीलाई संस्थागत विद्यालयमा अध्ययनको अवसर उपलब्ध गराउने उद्देश्यले आर्थिक वर्ष २०८१ यता उक्त सङ्ख्यामा छात्रवृत्ति प्राप्त गरिएको जनाइएको छ ।

तथ्याङ्कअनुसार आव २०८१ मा दुई सय ७६, २०८२ मा दुई सय ८३ र २०८३ मा तीन सय ५८ विद्यार्थीलाई छात्रवृत्ति प्रदान गरिएको शिक्षा महाशाखा प्रमुख नरेन्द्र खातीले जानकारी दिए । अघिल्ला वर्षको तुलनामा चालु वर्षमा छात्रवृत्ति प्राप्त गर्ने विद्यार्थीको सङ्ख्या उल्लेखनीय रूपमा वृद्धि भएको उनले बताए । यस अवधिमा विज्ञान संकायतर्फ चार सय ७५ जना, व्यवस्थापन संकायतर्फ तीन सय ४३, होटल म्यानेजमेन्टतर्फ ५२ , कानूनतर्फ २७, शिक्षातर्फ नौ र मानविकी संकायतर्फ तीन जनालाई छात्रवृत्ति दिइएको महाशाखा प्रमुख खातीले जानकारी दिए ।

चालु आव २०८३ मा मात्रै विज्ञानतर्फ एक सय ७३, व्यवस्थापनतर्फ एक सय ३९, होटल म्यानेजमेन्टतर्फ २६, मानविकीतर्फ दुई , शिक्षातर्फ एक र कानूनतर्फ एक गरी तीन सय ५८ जनालाई छात्रवृत्ति प्रदान गरिएको उपमहानगरपालिकाले जनाएको छ ।

विगतमा संस्थागत विद्यालयहरूमा उपलब्ध छात्रवृत्तिका लागि प्रतिस्पर्धात्मक परीक्षा प्रणालीमार्फत विद्यार्थी छनोट गर्दै आएकामा यस वर्ष एसइईमा प्राप्त नम्बरका आधारमा छात्रवृत्ति प्रदान गरिएको जनाइएको छ । उपमहानगरपालिका प्रमुख गोपाल हमालले छात्रवृत्ति कार्यक्रमले विद्यार्थीलाई उच्च माध्यमिक तहको अध्ययनमा प्रोत्साहन गर्नुका साथै शैक्षिक अवसरको समानता कायम गर्न सहयोग पु- याइरहेको बताए । उनले आगामी वर्षहरूमा कार्यक्रमलाई निरन्तरता दिँदै थप प्रभावकारी बनाइने बताए । रासस

साताव्यापी ‘हिमालयन लिटरेचर फेस्टिभल’

काठमाडौं ।
‘नयाँ विश्व व्यवस्थामा उन्माद, उपचार र सिर्जनात्मक लेखन’ भन्ने मूल विषयमा केन्द्रित ‘हिमालयन लिटरेचर फेस्टिभल एण्ड राइटर्स वर्कसप, २०२६’ सम्पन्न भएको छ । आठ दिनसम्म चलेका साहित्यिक संवाद, सांस्कृतिक आदानप्रदान, कार्यशाला, कविता वाचन, चलचित्र प्रदर्शन तथा समुदायमुखी कार्यक्रमसहित महेत्वस सम्पन्न भएको हो । महोत्सवले नेपाल तथा विश्वका विभिन्न देशका लेखक, कवि, विद्वान, अनुवादक, चलचित्रकर्मी, शिक्षक तथा विद्यार्थीलाई एकै मञ्चमा ल्याएको थियो ।

गत मे २९ देखि यही जुन ५ सम्म काठमाडौं उपत्यकाका विभिन्न सांस्कृतिक स्थलमा आयोजित महोत्सवमा पुलित्जर पुरस्कार विजेता कवि ट्रेसी के स्मिथ र पल मुल्डुन, ब्रुकलिन पोएट लरेट टिना चाङ, द आयरिस टाइम्सका पुस्तक सम्पादक मार्टिन डोयल, प्रख्यात कवि तथा अनुवादक टोनी बार्नस्टोन, चर्चित उपन्यासकार जीन ह्यान्फ कोरेलिट्ज तथा हिमाली कवि युयुत्सु शर्मालगायत एशिया, युरोप, उत्तर अमेरिका, अफ्रिका र अस्ट्रेलियाका ७५ भन्दा बढी लेखक, कलाकार, विद्वान तथा सांस्कृतिककर्मीको सहभागिता थियो ।

सञ्चार तथा सूचना प्रविधिमन्त्री डा.विक्रम तिमिल्सिनाबाट उद्घाटन भएको महोत्सवले साहित्य, कला, अध्यात्म तथा चिन्तनशील परम्पराको रूपान्तरणकारी शक्तिमाथि विमर्श गरेको छ । सहभागीले मास्टरक्लास, सिर्जनात्मक लेखन कार्यशाला,प्यानल छलफल, कविता वाचन, सांस्कृतिक प्रस्तुति तथा काठमाडौं दरबार क्षेत्र, पाटन, बौद्धनाथ, बूढानीलकण्ठ र नगरकोटका सांस्कृतिक भ्रमणमा सहभागिता जनाउनुका साथै नेपालको सांस्कृतिक तथा आध्यात्मिक सम्पदासँग गहिरो परिचय गरेका थिए । साहित्य, कविता र चलचित्रबीचको अन्तरसम्बन्धलाई समर्पित यो नेपालकै पहिलो अन्तरराष्ट्रिय कविता चलचित्र महोत्सव भएको र यस पहलले साहित्यिक कल्पनालाई दृश्य माध्यममार्फत नयाँ अभिव्यक्ति प्रदान गर्दै अन्तरविषयक संवादका लागि नयाँ सम्भावना सिर्जना गरेको महोत्वसका संस्थापक तथा निर्देशक ययुत्सु आरडी शर्माले बताए । महोत्सवको विशेष आकर्षणमध्ये कविता र चलचित्रको सम्बन्धबारे आयोजित प्यानल छलफल पनि एक थियो, जसमा चलचित्रकर्मी पिटर सालिस्बरी र कारोला मायर तथा इन्स्टिटुटो सर्भान्तेसकी निर्देशक मारिया गिल बर्मान सहभागी रहेका थिए ।

स्रष्टा अकीरा कुरोसावा, लुइस बुनुएल, जोन बुरम्यान, जाँ ल्युक गोदार, फ्राँस्वा ल्रूफो, आन्द्रेज वायदा, वोइचेख हास र क्रिस्टोफ किस्लोभ्स्कीजस्ता विश्वप्रसिद्ध निर्देशकको प्रभावबारे पनि चर्चा गरिएको थियो । यो अन्तर्राष्ट्रिय चलचित्र कार्यक्रम पोलिस इन्स्टिच्युट नयाँदिल्ली, इन्स्टिटुटो सर्भान्तेस, पोर्चुगल दूतावास, अस्ट्रियन कल्चरल फोरमलगायत सांस्कृतिक आदान प्रदानमा भएको थियो । रासस

कर्जा चूक्ता गर्न आउने बारेको ३५ दिने अत्यन्त जरुरी सूचना

यस कर्पोरेट डेभलपमेन्ट बैंक लिमिटेडको तपसिलमा उल्लेखित ऋणीहरुले यस बैंकबाट उपभोग गरेको विभिन्न शिर्षकका कर्जा सुविधाहरु लिंदा गरिदिएको लिखत र ऋण स्वीकृति पत्रको शर्तमा तोकिए अनुसार समय समयमा बुझाउनु पर्ने सांवा, ब्याज आदि नतिरी नबुझाई ऋण लिंदा गरेको शर्त, कबुलियत उल्लंघन गरेको र बैंकले मौखिक एवं लिखित रुपमा पटक पटक तरतागेता गर्दा समेत सो कर्जाको तिर्नु पर्ने सांवा, ब्याज तथा हर्जाना ब्याज समेत चुक्ता भुक्तान नगरेको हुंदा यो सुचना प्रकाशित गरिएको मितिले ३५ दिनभित्रमा कर्जाको सम्पूर्ण सांवा, ब्याज तथा हर्जाना ब्याज समेत चुक्ता भुक्तान गर्नुहुन यो सुचना प्रकाशित गरिएको छ । अन्यथा उल्लेखित मिति भित्रमा बुझाउनू पर्ने सम्पूर्ण कर्जा सांवा, ब्याज तथा हर्जाना ब्याज समेत भुक्तान नगरेमा यस बैंकलाई कर्जाको सुरक्षण वापत लेखिदिएको तपसिल बमोजिमको चल/अचल सम्पति बैंक तथा वित्तिय संस्था सम्बन्धि ऐन २०७३,नेपाल राष्ट्र बैङ्क तथा वित्तिय संस्थालाइ जारी गरीएको एकीकृत निर्देशन तथा सोको प्रतिस्थापनामा आउने निर्देशन,परिपत्रहरु, बैङ्कको कर्जा असुलि निति तथा अन्य सम्बद्ध ऐन कानूनले दिएको अधिकार प्रयोग गरी धित्तोमा रहेको चल अचल सम्पति जहां जे जस्तो अवस्थामा छ सोही अवस्थामा लिलाम बिक्री गरि वा अन्य व्यवस्था गरि बैंकको सांवा, ब्याज, हर्जाना लगायत असुली कारवाहीको सिलसिलामा भएका अन्य खर्चहरु समेत असुल उपर गरी लिने तथा लेना रकम असुल उपर नभएको खण्डमा तपाई ऋणीहरु तथा धन जमानी दिनेको घर घराना/चल अचल सम्पतिबाट असुल उपर गरिनुका साथै प्रचलित नियम कानुन बमोजिम तपाई ऋणी तथा जमानीकर्तालाई कालो सूचिमा राख्न सिफारिश गर्ने व्यहोरा समेत ऋणी, जमानीकर्ताहरु तथा सम्बन्धित सबैलाई जानकारी गराईन्छ ।

तपसिल

१)ऋणीको नाम र ठेगाना
१) झकड दास तत्वाको नाति, **चोकट** दास तत्वाको छोरा, जिल्ला पर्सा गा.वि.स.बसन्तपुर, वडा नं. ०७ ,हाल पोखरीया वडा नं. ०३ मा बस्ने (ना.प्र.न.०९४६२३८४,जारी मिति २०५८/११/०८, पर्सा) बर्ष ४९ को **राम निहोरा दास तत्वा ।**
कर्जाको सुरक्षण विवरण
१) स्व. सुकेसर दास तत्वाको नाति, झकड दास तत्वाको छोरा, जिल्ला पर्सा बनकटवा वडा नं. ०७, हाल पोखरीया वडा नं. ०३ मा बस्ने (ना.प्र.न.०७९०१२०३, जारी मिति २०३४/१२/२८, पर्सा) बर्ष ७७ को **चोकट दास तत्वा**को नाममा दर्ता कायम रहेको जिल्ला पर्सा गा.वि.स. वनकटवा वडा नं ६ स्थित किता नं **७२६ र ७४७** को जम्मा क्षेत्रफल क्रमशः **०-०-१६-४, र ०-०-५-१२ वर्ग मिटर** को घरजग्गा ।
व्यक्तिगत जमानीकर्ताहरु :
क) झकड दास तत्वाको बुहारी, **चोकट** दास तत्वाको पत्नि, जिल्ला पर्सा बनकटवा वडा नं. ०७ हाल पोखरीया, वडा नं. ०३ मा बस्ने (ना.प्र.न.०७९०१२०४ ,जारी मिति २०३४/१२/२९, पर्सा) बर्ष ७५ की **तेतरी ततवइन ।** **ख) चोकट** दास तत्वाको बुहारी, **राम निहोरा दास तत्वा**को पत्नि, जिल्ला पर्सा गा.वि.स. बसन्तपूर वडा नं. ०३ हाल पोखरीया, वडा नं. ०३ मा बस्ने (ना.प्र.न.३४१०५३/५५३,जारी मिति २०६८/१२/२६, पर्सा) बर्ष ४७ की **रामपती देवी तत्वीन ।** **ग) चोकट** दास तत्वाको नाति, **राम निहोरा दास तत्वा**को छोरा, जिल्ला पर्सा पोखरीया नगरपालिका वडा नं. ०३ मा बस्ने (ना.प्र.न.३४-०१-७६-०३०१३,जारी मिति २०७६/०२/३१, पर्सा) बर्ष २७ को **प्रमात्मा दास तत्वा ।** घ) स्व. सुकेसर दास तत्वाको नाति, झकड दास तत्वाको छोरा, जिल्ला पर्सा बनकटवा वडा नं. ०७, हाल पोखरीया वडा नं. ०३ मा बस्ने (ना.प्र.न.०७९०१२०३,जारी मिति २०३४/१२/२८, पर्सा) बर्ष ७७ को **चोकट दास तत्वा ।**
२)ऋणीको नाम र ठेगाना
१) प्राईभेट फर्म रजिष्ट्रशन ऐन, २०१४ बमोजिम मिती २०७८ साल फाल्गुन महिना ०२ गते मा नेपाल सरकार, उद्योग वाणिज्य तथा आपुर्ती मन्त्रालय, वाणिज्य आपूर्ती तथा उपभोक्ता संरक्षण विभाग, वाणिज्य आपूर्ती तथा उपभोक्ता संरक्षण कार्यलय, पर्सा वीरगंजमा दर्ता भै नं. प्रा.फ.र.द.नं. ४३०७५/०७८/७९, अन्तर्गत दर्ता कायम भएको ,पान नं. ३०२१२३१९३ भएको तथा बिन्दवासनी गा.पा. २ गर्दौल, पर्सा कार्यालय रहेको **राधा कृष्णा खाद्ययान सप्लायर्स (प्रोप्राइटरः- सरिता देवि कलवार) ।**
कर्जाको सुरक्षण विवरण
स्व.बिष्णु नारायण कलवारको बुहारी ,रामबाबु प्रसाद कलवारको पत्नि, जिल्ला पर्सा बी.उ.म.न.पा.–१३ हाल बी.म.न.पा. वाड नं. १० बस्ने (ना.प्र.नं. ४०३५ ,जारी मिति २०५९/७/१० जि.प्र.का.पर्सा) वर्ष ४५ की **सरिता देबी कलवार**को नाममा बहुअर्वा भाठा वडा नं. ०८,पर्सामा दर्ता कायम रहेको कित्ता नं. ७१६,६५३,६५४ र ११४९ को क्षेत्रफल क्रमशः ०-०-११ , ०-०-११, ०-०-११ र ०-०-१२-३ (बि-क-धु-क) को घरजग्गा ।
प्रोप्राइटर तथा व्यक्तिगत जमानीकर्ताहरु :
क) स्व.विष्णु नारायण कलवारको नातीनी ,रामबाबु प्रसाद कलवारको छोरी,जिल्ला पर्सा, बिरगंज महानगरपालीका वडा नं. १० बस्ने (ना.प्र.न. ३४-०१-७९-११४७५,जारी मिति २०७९/०९/२८ जि.प्र.का. पर्सा) बर्ष २१ की **नन्दनी कलवार ।** ख) स्व.विष्णु नारायण कलवारको नाती रामबाबु प्रसाद कलवारको छोरा जिल्ला पर्सा बी.उ.म.न.पा. वडा नं. १३ हाल जिल्ला पर्सा, बिरगंज माहानगरपालीका वडा नं. १० बस्ने (ना.प्र.न. ३४-०१-७६-११७५० ,जारी मिति २०७६/११/०२ जि.प्र.का. पर्सा) बर्ष २५ को **पुरुषोतम कलवार ।** ग) स्वं.जमुना प्रसाद कलवारको नाती ,स्व.विष्णु नारायण कलवार जिल्ला ,पर्सा बी.उ.म.न.पा. वडा नं. १३ हाल जिल्ला पर्सा, बिरगंज माहानगरपालीका वडा नं. १० बस्ने (ना.प्र.न. १६०३१९३१८ख,जारी मिति २०४५/०२/१२ जि.प्र.का. पर्सा) बर्ष ५४ को **रामबाबु प्रसाद कलवार ।** घ) स्व.विष्णु नारायण कलवारको नातीनी रामबाबु प्रसाद कलवारको छोरी जिल्ला पर्साबी.उ.म.न.पा. वडा नं. १३ हाल जिल्ला पर्सा, बिरगंज माहानगरपालीका वडा नं. १० बस्ने (ना.प्र.न. ३४-०१-७३-०३९०९ मिति २०७३/०३/१६ जि.प्र.का. पर्सा) बर्ष २६ की **साक्षी कलवार ।** ङ) स्व.विष्णु नारायण कलवारको नातीनी रामबाबु प्रसाद कलवारको छोरी जिल्ला पर्साबी.उ.म.न.पा. वडा नं. १३ हाल जिल्ला पर्सा, बिरगंज माहानगरपालीका वडा नं. १० बस्ने (ना.प्र.न. ३४-०१-७३-०३९०९ मिति २०७३/०३/१६ जि.प्र.का. पर्सा) बर्ष २६ की **साक्षी कलवार ।** च) स्व.बिष्णु नारायण कलवारको बुहारी ,रामबाबु प्रसाद कलवारको पत्नि, जिल्ला पर्सा बी.उ.म.न.पा.–१३ हाल बी.म.न.पा. वाड नं. १० बस्ने (ना.प्र.नं. ४०३५ ,जारी मिति २०५९/७/१० जि.प्र.का.पर्सा) वर्ष ४५ की **सरिता देबी कलवार ।**
नोट : ऋणी तथा जमानतकर्ता बाहेकका सूचनामा उल्लेखित अन्य व्यक्तिहरुको नाम ऋणी तथा जमानतकर्ताको परिचय खुलाउने प्रयोजनका लागि मात्र प्रयोग गरिएको ।
Corporate Development Bank Ltd. कर्पोरेट डेभलपमेन्ट बैंक लि. first choice - financial friend **नेपाल राष्ट्र बैंकबाट ख वर्गको ईजाजत पत्र प्राप्त वित्तिय संस्था**	**प्रधान कार्यालयः** **गीता मन्दिर रोड, वीरगंज,पर्सा** **फोन नं. ०५१-५३१०३१** शाखा कार्यालयः बसपार्क (बाईपास) बिरगंज ड्राईपोर्ट, श्रीसिया, बिरगंज । टेडारोड, चोर्नी, (जीतपुर), बर्दिबास(महोतरी) ,बरहथवा (सर्लाही) ।

निर्माणाधीन सडकः पूर्व–पश्चिम राजमार्ग अन्तर्गत कञ्चनपुर–कमला सडक खण्डको सप्तरीको कञ्चनपुरमा बन्दै गरेको सडक । उक्त सडकखण्डमा सिरहाको कमलादेखि सप्तरीको कञ्चनपुरसम्म ८६.८३ किलोमिटर सडक चार लेन विस्तारको काम भइरहेको छ ।

तस्वीरः अरुणकुमार यादव/रासस

भदौ १७ गते मकवानपुर धार्मिक द्वन्द्वमुक्त जिल्ला घोषणा हुने

मधेशदृष्टि
हेटौँडा ।

सर्वधर्म सद्भाव ऐक्यवद्धता महाअभियानले आउँदो भदौ १७ गते मकवानपुरलाई 'धार्मिक द्वन्द्वमुक्त जिल्ला' घोषणा गर्ने भएको छ ।

आइतबार हेटौँडामा सबै धर्मका गुरु र अगुवा तथा नागरिक समाजका सदस्यहरुको भेलाले गठित महाअभियानले भदौ १७ गते मकवानपुरलाई धार्मिक द्वन्द्वमुक्त जिल्ला घोषणा तयारी गरेको हो ।

महाअभियानका अध्यक्ष राजेश वाग्लेले सबै धर्म र सम्प्रदायको सहभागितामा 'मकवानपुरमा कुनै पनि धार्मिक द्वन्द्व छैन र हुने छैन' भन्ने सन्देश दिन यस्तो तयारी गरिएको बताए । उनले भने, 'हामी संस्था दर्ता गरेर औपचारिकरुपमै धार्मिक समुदायमा सद्भाव कायम राख्दै यो अभियानलाई मकवानपुरबाट अरु जिल्लामा पनि लैजाने तयारीमा छौँ ।'

कार्यक्रममा हेटौँडा उपमहानगर–४ का वडाध्यक्ष नवीन सिग्देलले महाअभियानले देशैभर सन्देश प्रवाह गर्न सक्ने पर्ने बताए । यस्तै कार्यक्रममा रामानुज गुरु, विश्व हिन्दू महासंघ मकवानपुरका अध्यक्ष उत्तम शर्मा ढकाल, मकवानपुर पादरी संघका अध्यक्ष सुवास गोपाली, लामागुरु शेराब दोर्जे लामा, मुश्लिम धर्मका गुरु मोहम्मद अलि, तयस अन्सारी, ब्रम्हकुमार राजयोग सेवा केन्द्रकी सहप्रमुख रेवती दिदी, आरपी अधिकारी, विशाल राज महत, डा. अर्पण पराजुली, सरस्वती थिङ, रास्वपा मकवानपुरका सचिव विशभ अधिकारी, प्रगतिशील लोकतान्त्रिक पार्टीका नेता तेज उप्रेती, रमेश, नेकपा एमाले हेटौँडाका अध्यक्ष बोलबहादुर कार्की, भीमसेन महतलगायतका विभिन्न वर्ग सम्प्रदायका व्यक्तिहरुले महाअभियानलाई सफलताको कामना गरेका थिए ।

भेलाले राजेश वाग्लेको अध्यक्षमा सर्वधर्म सद्भाव ऐक्यवद्धता महाअभियान गठन गरेको छ । समितिमा उपाध्यक्षहरु तुलसी गिरि, रमिला शर्मा आचार्य, तैयस अन्सारी, सरस्वती कुमारी थिङ रहेका छन् । यस्तै, महासचिमा रामकुमार एलन, सचिवमा बिजय बजगाईं, कोषाध्यक्षमा सीतादेवी भेटवाल र सहकोषाध्यक्षमा शेर मोहम्मद अन्सारी रहेका छन् । समितिका सदस्यहरुमा तुलसी नारायण तिमल्सिना, सफल अधिकारी, बोलबहादुर कार्की, आरती पाठक, शुभलक्ष्मी वाइबा र विवेक अधिकारी रहेका छन् ।

मधेशमा मदिरा र गुटखा पूर्ण प्रतिबन्ध गर्न पूर्वमन्त्री यादवको माग

मधेशदृष्टि
जनकपुरधाम ।

पूर्वमन्त्री तथा नेपाली कांग्रेसका नेता महेन्द्र यादवले मधेश प्रदेशमा मदिरा र गुटखाको बिक्री–वितरण तथा सेवनमा पूर्ण प्रतिबन्ध लगाउन प्रदेश सरकारसँग माग गरेका छन् ।

नेपाल–भारत मैत्री युवा संघ धनुषाले सञ्चालन गरेको लागूऔषधविरुद्धको जनचेतनामूलक अभियानलाई सम्बोधन गर्दै यादवले मदिरा र गुटखाबाट प्राप्त हुने राजस्वभन्दा त्यसका कारण समाज र स्वास्थ्य क्षेत्रमा पुग्ने क्षति धेरै रहेको बताए । उनले प्रदेश सरकारले यस विषयमा गम्भीरतापूर्वक सोचेर प्रतिबन्धतर्फ पहल गर्नुपर्ने धारणा राखे ।

नेपाल–भारत मैत्री युवा संघका केन्द्रीय अध्यक्षसमेत रहेका यादवले मदिरा तथा गुटखाको सेवनबाट उत्पन्न हुने स्वास्थ्य समस्याको उपचारमा राज्य र नागरिकले ठूलो आर्थिक भार व्यहोर्नुपरेको उल्लेख गरे । उनले यस्ता वस्तुबाट हुने आम्दानीभन्दा स्वास्थ्य उपचारमा हुने खर्च बढी रहेको दाबी गरे । यादवले युवा तथा विद्यार्थीलाई कुलत र

लागूऔषधको दुष्चक्रबाट जोगाउने उद्देश्यले मधेश प्रदेशभर जनचेतनामूलक अभियान सञ्चालन गरिएको जानकारी दिए । देशको भविष्य युवा पुस्ताको काँधमा रहेको उल्लेख गर्दै उनले युवाको भविष्य सुरक्षित र उज्ज्वल भए मात्र राष्ट्रको भविष्य पनि सबल बन्ने बताए ।

समाज र राष्ट्रलाई सही दिशामा अघि बढाउन युवा तथा विद्यार्थीको महत्वपूर्ण भूमिका रहने उल्लेख गर्दै उनले लागूऔषधविरुद्धको अभियानमा सबै पक्षको सक्रिय सहभागिता आवश्यक रहेको बताए ।

नेपाल–भारत मैत्री युवा संघ धनुषाका अध्यक्ष बजरंग यादवको अध्यक्षतामा आयोजित कार्यक्रममा मधेश प्रदेशका वन तथा वातावरण मन्त्री शंकर चौधरी, प्रदेशसभा सदस्य कुमरकान्त झा, सुरक्षा निकायका प्रतिनिधि, चिकित्सक तथा विभिन्न विद्यालयका विद्यार्थीहरूको सहभागिता रहेको थियो ।

राजविराजमा बिटौरी जग्गाको लालपुर्जा विवाद चर्कियो

मधेशदृष्टि
जनकपुरधाम ।

पुस्तौंदेखि भोगचलन गर्दै आएको बिटौरी जग्गाको स्वामित्व प्रमाणपत्र (लालपुर्जा) माग गर्दै राजविराजका ५ हजारभन्दा बढी परिवार आन्दोलनमा उत्रिएका छन् । साताव्यापी रिले अनशन सम्पन्न गरेपछि प्रभावितहरू धर्ना, प्रदर्शन तथा तालाबन्दीका कार्यक्रममार्फत दबाब बढाइरहेका छन् ।

लामो समयदेखि समाधान हुन नसकेको बिटौरी जग्गाको समस्या पछिल्लो समय थप पेचिलो बन्दै गएको छ । प्रभावित परिवारहरूले आफूहरू दशकौंदेखि जग्गा भोगचलन गर्दै नियमित रूपमा कर तिर्दै आए पनि राज्यले अझै स्वामित्व प्रमाणपत्र उपलब्ध नगराएको गुनासो गरेका छन् ।

स्थानीयका अनुसार विक्रम संवत् २०१६ सालमा राजविराज नगरपालिका स्थापना हुनुअघि उक्त क्षेत्र जंगल तथा पर्ती जमिनले भरिएको थियो । त्यसबेला सरकारले करिब ५ हजार २ सय परिवारलाई बसोबास र व्यवसाय सञ्चालनका लागि जग्गा उपलब्ध गराएको थियो । पछि यही क्षेत्र विस्तार हुँदै राजविराज सहरका रूपमा विकसित भएको हो ।

तत्कालीन व्यवस्थाअनुसार

वितरण गरिएको उक्त जग्गालाई 'बिटौरी जग्गा' नाम दिइएको थियो। नगरपालिकाले भोगचलनकर्तासँग नियमित कर असुल गर्दै आएको भए पनि स्वामित्व हस्तान्तरणको प्रक्रिया भने पूरा हुन सकेको छैन । यही कारण ६ दशकभन्दा बढी समय बितिसक्दा पनि लालपुर्जा नपाएको भन्दै स्थानीय आन्दोलनरत छन् ।

राजविराज नगरपालिकाले भने लालपुर्जाको माग जायज भए पनि यसको समाधान स्थानीय तहको अधिकार क्षेत्रभित्र नपर्ने जनाएको छ । नगरपालिका र नापी कार्यालयले यस विषयमा संघीय सरकारको निर्णय आवश्यक पर्ने भन्दै सम्बन्धित निकायमा यसअघि नै पत्राचार गरिसकेको बताइएको छ ।

यसबीच केही प्रभावशाली व्यवसायी तथा व्यक्तिहरूले विगतमा बिटौरी जग्गाको लालपुर्जा प्राप्त गरिसकेको दाबीसमेत सार्वजनिक भएको छ । तर अधिकांश सर्वसाधारणले भने स्वामित्व प्रमाणपत्र पाउन नसकेको भन्दै प्रक्रिया पारदर्शी नभएको आरोप लगाएका छन् । लालपुर्जा उपलब्ध गराउने नाममा आर्थिक चलखेल र रकम असुली हुने गरेको गुनासोसमेत स्थानीयले उठाएका छन् ।

अर्कोतर्फ, बिटौरी जग्गा व्यक्तिगत नाममा दर्ता गर्ने प्रक्रियाको विपक्षमा पनि आवाज उठ्न थालेको छ । जेठ १९ गते युवाहरूको एक समूहले नापी कार्यालय सप्तरीमा निवेदन दर्ता गर्दै राजविराजस्थित करिब ७० बिघा बिटौरी जग्गा निजी स्वामित्वमा दर्ता गर्न नहुने माग गरेको छ । उनीहरूले सार्वजनिक हित र सहरको दीर्घकालीन व्यवस्थापनलाई ध्यानमा राख्दै आवश्यक परे संघर्षका कार्यक्रम अघि बढाउने चेतावनीसमेत दिएका छन् ।

लालपुर्जा माग्ने पक्ष र त्यसको विरोध गर्ने पक्षबीच मतभेद बढ्दै जाँदा राजविराजको बिटौरी जग्गा समस्या समाधान झन् जटिल बन्दै गएको छ । प्रभावित परिवारहरूले तत्काल स्पष्ट सरकारी निर्णयको माग गरेका छन् भने सरोकारवाला निकायहरू समाधानका लागि संघीय तहको पहल आवश्यक रहेको बताइरहेका छन् ।

मधेश प्रदेशमा काँडेभ्याकुर !

काठमाडौं ।

नेपालमा मात्र पाइने काँडेभ्याकुर चराको पहिलोपटक मधेश प्रदेशमा फेला परेको छ । समुद्री सतहदेखि चार सय ४३ मिटरको उचाइमा रहेको चुरे वन क्षेत्रपर्ने बाराको जितपुरसिमरा उपमहानगरपालिका–२२ को दुधौरा खोला नजिकै उक्त चरा फेला परेको हो ।

चराविद् हठन चौधरी र सुरज बरालले चरा अवलोकनका क्रममा जेठ २१ गते दुधौरा खोलाको पूर्वी शाखा खोला किनारमा यस चराको अभिलेख गर्नुभएको नेपाल पन्छीविद् सङ्घले जनाएको छ ।

चरा अवलोकनका क्रममा वन विज्ञान अध्ययन संस्थान, हेटौँडा क्याम्पसमा स्नातक तहमा अध्ययनरत विद्यार्थी आंशिष पन्त, सुमीसिंह ठकुरी र निश्चल पोखरेल पनि सहभागी थिए ।

उचाइका दृष्टिकोणले यो हालसम्मकै सबैभन्दा कम उचाइमा काँडेभ्याकुरको पहिलो अभिलेख गरिएको हो ।

नेपाल पन्छीविद् सङ्घ र मिथिला 'वाइल्डलाइफ ट्रस्ट'को संयुक्त सहकार्यमा हाल मधेश प्रदेशका आठवटै जिल्लामा चरा सर्वेक्षणको काम भइरहेको छ । पहिलो चरणको सर्वेक्षण जाडोयामलाई लक्षित गरी गत माघ–फागुनमा गरिएको थियो भने दोस्रो चरणमा गर्मीयाम लक्षित सर्वेक्षण हाल यही जेठ १८ गतेदेखि सुरु गरिएको छ ।

राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग र वन तथा भूसंरक्षण विभागको अनुमतिमा पर्सा राष्ट्रिय निकुञ्ज, कोशीटप्पु वन्यजन्तु आरक्ष र मधेश प्रदेशका आठै जिल्लाका डिभिजन वन कार्यालयहरूसँग समन्वय गरी सर्वेक्षण सुरु भएको जनाइएको छ ।

काँडेभ्याकुर नेपालमा मात्र पाइने रैथाने चरा हो । प्रायः पहाडी क्षेत्रमा बढी पाइने यो चरा यसअघि सात प्रदेशमा अभिलेख भइसकेको छ । अब बारा जिल्लामा पनि चरा फेला परेसँगै यसको भौगोलिक फैलावट नेपालका सातवटै प्रदेशमा पुष्टि भएको छ ।

तत्मा बौद्धिक समाजको सम्मेलन

मधेशदृष्टि
जनकपुरधाम ।

मधेश प्रदेशको तत्मा बौद्धिक समाजको सम्मेलन शनिबार जनकपुरधाममा भएको छ । रामाशिष दासको अध्यक्षतामा भएको सम्मेलनमा इण्डियन इनक्लुसिब पार्टीका राष्ट्रिय प्रवक्ता राजकुमार दास उपस्थित थिए । प्रमुख अतिथिका रूपमा उनले नेपालमा तत्मा, ताँती, पान ताँती समुदायको जनसंख्या उल्लेखनीय रहेको तर ठूलो जनसंख्याको बावजुद पनि समाज शिक्षा र राजनीतिमा उपेक्षित र पछाडि रहेको बताए । 'ताँती जातिको प्राथमिक पेशा बुनाई थियो, तर यान्त्रीकरणले ताँतीको व्यापारलाई कमजोर बनाएको छ,' दासले भने, 'नेपाल र भारतको सम्बन्ध धेरै पुरानो छ । दुई देशको सम्बन्ध रोटी र छोरीको हो, जुन सधैँभर रहिरहन्छ ।'

विशेष अतिथिका रूपमा मधेश

प्रदेशका खेलकुद तथा समाज कल्याण मन्त्रीले नेपालमा तत्मा समुदायको जनसंख्या उल्लेखनीय भएको तर शिक्षा र राजनीतिमा धेरै पछाडि रहेको दोहो¥याए । 'आफ्ना छोराछोरीहरूलाई शिक्षित बनाउनुहोस्, एक रोटी कम खानुहोस् तर आफ्ना छोराछोरीहरूलाई शिक्षित बनाउनुहोस्,' उनले भने । नेपालमा यो समुदाय दलित वर्गमा पर्छ, तर यहाँ पनि भेदभाव रहेको बताइएको थियो । कार्यक्रममा पुस्तक पनि विमोचन गरिएको थियो ।

कार्यक्रममा रघुनाथ दास र पञ्च लाल दास लगायत समुदायका धेरै व्यक्ति उपस्थित थिए ।

मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित, सम्पर्कः वीरगंज महानगरपालिका–१३, पर्सा, मोबाइल नं.–९८५५०२१२८१, कार्यालयः जनकपुरधाम–२, भानुचोक, किशोरी नगर, फोन नं.–०४१–५९०२८९, E-mail: madheshdristi@gmail.com, अध्यक्षः ध्रुव साह, सम्पादकः रामकुमार एलन